बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।
- तीन वर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्छ ।
- उनीहरूले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिका चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख २९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 12 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५१

## मिटरब्याजी छानबीन आयोगको टोली वीरगंजमा

## लेनदेनको कागजात वडामा प्रमाणीकरण गराउनुपर्छ - सहभागी

प्रस, वीरगंज, २८ वैशाख/

नेपाल सरकारले गठन गरेको मिटरब्याजी (अनैतिक लेनदेन) छानबीन आयोगका पदाधिकारीहरूको टोली पर्साको समस्या बुझ्न बिहीवार वीरगंज आइपुगेको छ ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्की नेतृत्वको टोलीले वीरगंज महानगरपालिकाको सभाहलमा आयोजना गरेको समस्या समाधान तथा आगामी रणनीतिबारे सरोकारवालाहरूसँग छलफल गरेको थियो । तराईका सबै जिल्लामा मिटरब्याजका प्रकृति र सो समाधान कसरी गर्नेबारे विभिन्न जिल्लामा पुगेर रायसुझाव सङ्कलन गर्ने उद्देश्यले टोली वीरगंज आएको अध्यक्ष कार्कीले बताए ।

कार्यक्रममा सहभागीहरूले मिटरब्याजीका कारण पर्साका धेरै व्यक्तिको उठीबास भएको बताए । मिटरब्याजको समस्या समाधानको लागि सरकारले ल्याएको अध्यादेशले समस्या समाधान हुन्छ कि हुँदैन भन्ने विषयमा आफूहरु सशङ्कित रहेको सहभागीहरूले बताए । सोविपरीत साहुहरूले काम गर्दै आएकाले अहिले समस्या बढेको सहभागीहरूको भनाइ थियो । सहभागीहरूले ऋणीले लेनदेन गर्दा साहुले बनाएको कपाली तमसुक, दिएको खाली चेक तथा दृष्टिबन्ध गरेको जग्गाजमीनलाई अद्यावधि गराउन वडामा पुगी प्रमाणीकरण गराउनुपर्ने माग गरेका थिए ।

साहुहरूले वडामा पुगी लेनदेनका कागजातहरूलाई प्रमाणीकरण गर्दा पूरै विवरणसहित लेनदेनको हरहिसाबको लेखाजोखा राख्दा राज्यले को ब्याजी वा मिटरब्याजी हो सजिलैसँग छुट्याउन सक्ने तथा वास्तविक ब्याजदर पनि प्रस्ट हुने सहभागीहरूले सुझाएका थिए ।

कार्यक्रममा आयोगका सदस्य उत्तम सुवेदी, गणेश अर्याल, वीरगंज महानगर प्रमुख राजेशमान सिंह, पर्सागढी नपाका प्रमुख गोकर्ण पाठक, जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, नेपाली काङ्ग्रेसका उपसभापति रामनारायण कुर्मी, मनोज चौधरी, जयप्रकाश थारूलगायतले रायसुझाव तथा समस्याको समाधानबारे आआफ्नो धारणा राखेका थिए ।

आफू ठगिएको भन्दै मिटरब्याजीपीडितहरूले जिल्ला प्रशासन कार्यालय, पर्सामा दिएको ठाडो उजूरी सङ्ख्या ७५ तथा जिल्ला प्रहरी कार्यालय, पर्सामा तीनवटा गरी ७८ वटा मिटरब्याजीविरुद्ध उजूरी परेको छ । यसमध्ये १२ वटा निवेदनमाथि छलफल गराइ टुङ्गो लगाएको, ४९ वटा उजूरी अदालत क्षैत्राधिकारभित्र पर्ने भएकाले अदालतमा नै पठाएको, १३ जना सम्पर्कविहीन भएका तथा अन्य निवेदनहरू बाँकी रहेको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए । नेपाल सरकारले निर्देशन गरे अनुसार जिल्ला प्रशासन कार्यालय, पर्साले मिटरब्याजीपीडितहरूको हकमा सार्वजनिक सूचना निकाल्दा १८० वटा उजूरी परेको प्रजिअ रेग्मीले उनले बताए ।



दुःखेसो पोख्दै मिटरब्याजी पीडित महिला र आयोगका पदाधिकारीहरू । तस्वीरः प्रतीक

कार्यक्रममा पीडितहरूको मात्र समस्या सुनिएको तर पीडक भनाउँदा साहुमहाजनको पनि समस्या सुनिदिनुपर्ने सहभागीमध्येका केहीले सुझाएका थिए । एकतर्फी समस्या सुनेर समाधानको बाटो पहिल्याउन नसकिने उनीहरूको जिकिर थियो ।

सहभागीहरूले ब्याजमा पैसा लिनेदिने कार्य सदीयौंदेखि आपसी समझदारीमा हुँदै आएको तर अहिले आएर ऋणीलाई ठग्ने उद्देश्यले मिटर ब्याज र करेन्ट ब्याज साहुहरूले आफैं ल्याएको हुँदा समस्या सिर्जना भएको तर्क गरेका थिए । ऋण लिनु र साँवाको ब्याज दिनु सामान्य कुरा भएको तर

### मिटरब्याजीको दुःखेसो

पर्साको सखुवाप्रसौनी गाउँपालिका महुवन निवासी इन्द्रा मोक्तानका पतिले स्थानीय राजदेव कलवारसँग रु एक लाख ऋण लिएर संयुक्तरूपमा माटोको कारोबार गरेकोमा घाटा लागेपछि सबै पैसा तिर्नुपर्छ भन्दै कलवारले तीन लाखको कागज गराएको बताइन् । एक लाखमध्ये ५० हजार तिरे पनि लकडाउनको बेला सात लाख ब्याज पुगेको भन्दै कलवारले १४ लाखको कपाली गराएको मोक्तानले बताइन् । उनले कलवारले तीन कट्ठा जग्गा पनि लिएको बताइन् । दैनिक घरमा कुटपिट गर्न आउँछ । सम्पति भनेको एक सुको छैन । बाँकी रहेको ५० हजार ऋणबापत कलवारले अहिले २० लाख माग गरिरहेको आयोगसमक्ष उनले दुःखेको पोखिन् ।

आफू घरमा रहेको बेला स्कूटीसमेत खोसेर लगेको र प्रहरीसँग सहायता माग्दा उल्टै प्रहरीले आफूलाई प्रताडित गरिरहेको उनले जानकारी गराइन् ।

## भोजपुरी भाषासम्बन्धी विमर्श गोष्ठी

प्रस, वीरगंज, २८ वैशाख/

भाषा आयोगको सहयोगमा भोजपुरी प्रतिष्ठान, वीरगंजले 'मातृभाषा में शिक्षा के सन्दर्भ- भोजपुरी में पठनपाठन' विषयक विमर्श गोष्ठी बिहीवार सम्पन्न गरेको छ ।

गोष्ठीको उद्घाटन गर्दै भाषा आयोग नेपालका अध्यक्ष डा गोपाल ठाकुरले प्रारम्भिक शिक्षा मातृभाषामा दिन सके सिकाइ विधि सहज हुने बताए । गोष्ठीमा उनले नेपालमा विभिन्न भाषा

(बाँकी अन्तिम पातामा)




तस्वीरः प्रतीक

## निजगढ नेशनल हस्पिटल विवाद चुलिंदै, एक पक्षद्वारा अर्को पक्षलाई आरोप

प्रस, निजगढ, २८ वैशाख/

करीब ३ वर्षदेखि सञ्चालनमा रहेको निजगढ नेशनल हस्पिटल प्रालिको आपसी विवाद अझै नमिल्दा पछिल्लो समय करीब एक/डेढ महीनादेखि अस्पताल सञ्चालनमा आउन सकेको छैन । निजगढ नपा–८ शहीद चोक नजीक रहेको उक्त अस्पताल लगानीकर्ता सुरेन्द्रप्रसाद कलवार, पप्पुकुमार जैसवाल, होमबहादुर खड्का, मनोजकुमार प्रसाद र पछिल्लो पटक अस्पताल सञ्चालनको जिम्मेवारी लिएका डा. राजीवकुमार साहबीच खटपट शुरू भएपछि अस्पताल अलपत्र परेको हो ।

अस्पताल सञ्चालनका लागि गरिएको लिखित सम्झौता अनुसार निर्धारित समयमा कार्य अघि बढ्न नसक्दा अस्पताल बन्द हुन पुगेको देखिएको छ । लगभग पाँच/सात महीना बन्द रहेको अस्पताल चैत्र १ गतेदेखि सञ्चालन गर्ने अस्पताल सञ्चालक लगानीकर्ता र डा. साहबीच लिखित सम्झौता भएको थियो । अस्पताल सञ्चालन गर्दा घर भाडा, विद्युत्, टेलिफोन, कर्मचारीलगायत सम्पूर्ण खर्च कटाई बाँकी रहेको मुनाफाको ५० प्रतिशत पहिलो पक्ष अस्पताल लगानीकर्ताहरूले पाउने र ५० प्रतिशत दोस्रो पक्ष डा. साहले पाउनेगरी सहमतिपत्रमा दुवै पक्षबीच हस्ताक्षर छ भने घाटा भए सोही अनुसार दुवै पक्षले बेहोर्ने उल्लेख छ ।

अस्पताल सञ्चालन गर्दाको बखत आवश्यक कर चुक्ताको प्रमाणपत्र, नगरपालिकालगायत अन्य आवश्यक निकायमा व्यवसाय दर्तालगायत अस्पताल सञ्चालनका लागि आवश्यक कागजात १५ दिनभित्र नवीकरण गराई दोस्रो पक्षलाई उपलब्ध गराउने जनाइएको भए पनि सम्झौता अनुसार लगानीकर्ताहरूले बेवास्ता गरेपछि बाध्य भई अस्पताल बन्द गर्नुपरेको डा. राजीवकुमार साहको भनाइ छ ।

स्वास्थ्य संस्था सञ्चालन गर्दा आवश्यक कागजात दुरूस्त हुनुपर्ने कुरामा सजग रहँदै पटकपटक अस्पताल लगानीकर्ताहरूलाई जानकारी गराउँदा पनि बेवास्ता गरेपछि बाध्य भएर अस्पताल बन्द गर्नुपरेको डा. साह बताउँछन् । पटकपटक, छलफल गरौं भन्दा लगानीकर्ताहरू एकले अर्कोलाई देखाउँदै पन्छिन थालेपछि अस्पताल बन्द गर्न बाध्य हुनुपरेको डा. साहले बताए ।

निजगढ नगरपालिकाबाट खटेको अनुगमन टोलीले स्थानीय तहमा अस्पतालले व्यवसाय दर्ता नगरेको भन्दै ५ दिनभित्र दर्ता गर्न पत्राचार गरेको थियो । लगानीकर्ताहरू व्यवसाय दर्ता गर्न निजगढ नपा गए पनि कर चुक्ता लगायत आवश्यक कागजात समयमैं उपलब्ध नगराउँदा हस्पिटललाई व्यवसाय सञ्चालनको प्रमाणपत्र उपलब्ध गराउन नसकिएको निजगढ नपा–८ वडा कार्यालयले जनाएको छ । करीब ५ महीनादेखि बन्द रहेको अस्पताल पुनः सञ्चालन भएको एक महीनामैं घाटा भएपछि समस्या उत्पन्न भएको बुझिएको छ ।

सञ्चालक पक्षलाई कुनै जानकारी नदिई अस्पतालबाट रातको समयमा स्वास्थ्य उपकरणहरू डा. साहले लगेको भन्दै उनीविरुद्ध कानूनी कारबाईको लागि इलाका प्रहरी कार्यालय निजगढमा निवेदन दिएको लगानीकर्ता सुरेन्द्रप्रसाद कलवार र होमबहादुर खड्काले बताए । अस्पतालबाट एकै महीनामा नाफा नभएको भन्दै अस्पताल लगानीकर्ताहरूले आफूलाई समस्यामा पारेको डा. साहको तर्क छ ।




निजगढ नगरपालिका–८ स्थित निजगढ नेशनल हस्पिटल । तस्वीरः प्रतीक

डा. साहले रातको समयमा अस्पतालबाट सामान लगेको आरोप लगाउँदै छलफल गराई निकास निकाल्न इप्रका निजगढमा निवेदन दिएपनि प्रहरीले कुनै चासो नदेखाएको अस्पताल लगानीकर्ताको भनाइ छ । निवेदनको आधारमा गत शनिवार दिउँसो दुवै पक्षबीच छलफल गराउन इप्रका निजगढले पहल गरेपनि तोकिएको समयमा डा. साह उपस्थित भए तर लगानीकर्ताहरू उपस्थित नभएको इप्रका निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले बताए ।

प्रहरीमा निवेदन दिएपनि प्रहरीले कारबाई गरेनजस्तो जथाभावी बदनाम नगर्न प्रनि श्रेष्ठको आग्रह छ । उजूरी, निवेदन र दसी प्रमाणको आधारमा प्रहरीको अनुसन्धानबाट दोषी ठहर भए जो सुकैविरुद्ध कानूनी कारबाई गरिने कुरामा निश्चिन्त रहन प्रनि श्रेष्ठले बताए ।

अस्पतालमा रहेको स्वास्थ्य सामग्री चोरीको आरोप लगाइए पनि सो आरोप निराधार भएको डा. साहको भनाइ छ । अस्पताल सञ्चालन गर्दा सहमति अनुसार नै आफूले थप सामग्री खरीद गरी प्रयोगमा ल्याएपनि लामो समय बन्द रहेको सो तर्क छ ।

लगानीकर्ता र डा. साहबीच देखिएको विवाद र समस्याले निकै मार्कामा परेको घरधनी गोमा न्यौपाने बताउँछिन् । अहिलेसम्म पानी, बिजुलीको महसूल तिर्न पाइएको छैन । प्रतिमहीना ६६ हजार अर्को महीनाको ५ गतेभित्र बुझाउनेगरी १० वर्षको लागि लिखित सम्झौता भए पनि तोकिएको समयभित्र घरभाडा नपाएको उनले भनिन् । पछिल्लोपटक सम्झौताविपरीत प्रत्येक महीना २५ हजार चेक दिएको घरधनी न्यौपानेले बताइन् ।

अस्पताल लगानीकर्ताले लिखित सम्झौता पालना नगर्दा विवाद र समस्या भएको भन्दै अस्पताल पुनः सञ्चालन गर्दा मरम्मत, सम्भार, भिडियो एक्सरे र डिजिटल एक्सरे मेशिन खरीद गर्दा करीब ३०/३५ लाख खर्च भएको भन्दै विवाद समाधानका लागि डा. राजीव कुमार साहले निजगढ नपाको न्यायिक समितिमा हिजो निवेदन दर्ता गराएका छन् भने अस्पताल लगानीकर्ताले अस्पतालको स्वास्थ्य सामग्रीसहितको सामानको विवरणसहित जिल्ला प्रहरी कार्यालय बारामा डा. साहविरुद्ध किटानी जाहेरी हिजो दिएको लगानीकर्तामध्येका होमबहादुर खड्काले बताए ।

## स्कूल बसमा एकरूपता भएन



तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, २८ वैशाख/

वीरगंजमा सञ्चालित संस्थागत (निजी) विद्यालयहरूका सवारीसाधनमा एकरूपता हुन छाडेको छ ।

वीरगंज महानगरले संस्थागत विद्यालयहरूको विद्यार्थी ढुवानी गर्ने सवारीसाधन पहेंलो रङ्गको हुनुपर्ने मापदण्ड तोकेको छ तर अहिले केही संस्थागत विद्यालयहरूले सिटीराइड, निजी भ्यान, ई रिक्शासमेतमा विद्यार्थीहरूलाई ढुवानी गर्दै आएका छन् ।

सवारीसाधनमा एकरूपता ल्याउनुको अर्थ सबैले स्कूल बस हो भनेर बुझ्नू भनेर महानगरको अभिप्राय रहेको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए ।

उनले महानगरको मापदण्डविपरीत स्कूल बस सञ्चालन गर्नेहरूलाई ट्राफिकमार्फत कारबाइ गर्ने बताए । उनले यसबारे आफूले जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको ध्यानाकर्षण गराएको बताएका छन् ।

## विचारसार र सूक्तिहरू

**मित्रको मुटुमा बस्न अनुमति माग्नुपर्दैन, यो त कब्जा गर्ने ठाउँ हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सुकुमबासी समस्या

**हाम्रो मुलुकको कुल भूभागको लगभग २८ प्रतिशत क्षेत्रफलमा मानिसको बसोवास तथा आबादी छ । सोमध्ये करीब ७५ प्रतिशत जमीनको मात्रै कित्ता अनुसारको अभिलेख सरकारी रेकर्डमा छ । बाँकी २५ प्रतिशत जमीनमा लामो समयदेखि नागरिकको बसोबास एवं आबादी भएपनि सो क्षेत्रको नापनक्शा र दर्ता स्रेस्ता कायम छैन । यसो हुँदा नागरिकले आफूले लामो समयदेखि आबाद कमोत गरेको तथा बसोबास गरिआएको जग्गा भएपनि सुरक्षाको अनुभूति गर्न सकेका छैनन् । अतः जग्गाधनी प्रमाणपुर्जा छैन । जग्गाधनी प्रमाणपुर्जाको अभावमा त्यसको प्रयोगबाट हुन सक्ने सम्भावित आर्थिक लाभका अवसरहरूबाट वञ्चित हुनुपरेको छ । त्यस्तो जग्गा सरकारी प्रणालीमा दर्ता नभएको र तर किनबेच चाहिं भइरहने भएको कारण सो जग्गाबाट प्राप्त हुने राजस्व, रजिस्ट्रेसन दस्तुर, मालपोत आदि सरकारले गुमाइरहेको छ । अर्कोतर्फ भूमिहीनता अर्को ठूलो समस्या छ । भूमिहीन दलित एवं भूमिहीन सुकुमबासीहरू पुस्तौंदेखि जमीनको स्वामित्वबाट वञ्चित छन् । उनीहरू कतिपय जोखिम स्थानमा बसोवास गर्न बाध्य छन् । विपद्को बढी मार उनीहरूले खेपिरहेका छन् । गरीबको रेखामुनि रहेका र जीविकोपार्जनका लागि ज्याला/मजदूरी गर्ने ठूलो सङ्ख्या यही वर्ग हो । भूमिहीन एवं सुकुमबासीहरूको व्यवस्थित लगत छैन ।**

**भूमिहीन दलित, भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासी लगायतको समस्या समाधान सामाजिक न्यायको आधारमा हुनुपर्छ । यसले उनीहरूको जीवनस्तर सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र स्वतन्त्रता जस्तै जग्गाप्राप्ति पनि मौलिक अधिकार सुनिश्चितताका आधार हुन् । सर्वसाधारण नागरिकलाई लोकतन्त्रको अनुभूति गराउनुका साथै देशको समग्र आर्थिक तथा सामाजिक उन्नतिका लागि भूमिसम्बन्धी समस्या समाधान जरुरी छ । नेपालको संविधान २०७२ ले भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुमबासी पहिचान गरी बसोबासका लागि घर/घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । उनीहरूलाई पुनर्स्थापन गर्ने, भूमिको दिगो उपयोग र कृषियोग्य भूमिमा किसानको अधिकार सुनिश्चित गर्ने कुरासमेत संविधानको मर्म र भावनाभित्र पर्छ । संविधानको यही व्यवस्थालाई मूर्त रूप दिन भूमिसम्बन्धी समस्याहरूलाई समाधान गर्नु जरुरी छ ।**

**भूमि स्रोतको उचित वितरण र व्यवस्थापनले गरीबी निवारण, विभेद न्यूनीकरण, द्वन्द्व व्यवस्थापन एवं खाद्य सुरक्षाको लागि बलियो आधार दिन्छ । सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक गतिविधिमा भूमि स्रोतको प्रभाव महत्त्वपूर्ण छ । भूमिको हकले भूमिहीन र जोताहा किसानको तत्काल जीवन सुधार गर्न आवश्यक आजीविकाका अवसरहरू उपलब्ध गराउँछ । यसमा केही प्रयासहरू विगत र वर्तमानमा नभएका होइनन् । राज्यबाट भूमिहीनलाई जग्गा वितरण विसं २०१३ बाट शुरू भएको हो । त्यतिखेर वितरण गरेको जमीन सुकुमबासीलेभन्दा हुकुमबासीले बढी दर्ता गरेको पाइएपछि विसं २०२४ मा संशोधनको प्रयास भयो । त्यसपछि हालसम्म भूमिहीनलाई जग्गा दिनेबारे धेरै योजना बनेका छन् । तर त्यस्ता योजनाहरू जहिले पनि राजनीतिक रङ्गमा रङ्गिने हुँदा असफलता हात लागिरहेका छन् ।**

# थरीथरीका नागरिकता विवाद

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**गृह मन्त्रालयको आकडा पनि यस्तो छैन तर दुर्भाग्य नागरिकतालाई विवादमा ल्याउने काम भइरहेको छ । बेहोरा ढाँटी नागरिकता लिनेहरूमाथि कारबाई हुनुपर्छ तर सिफारिश गर्नेमाथि पनि कारबाई हुनुपर्छ । तर दुर्भाग्य के छ भने नागरिकता समस्या समाधान होस् भन्ने चाहना कसैको पनि छैन ।**

संसद्ले दोहोऱ्याएर पारित गरेको नागरिकता विधेयक प्रमाणीकरण नगरेर सात महीना अघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले गम्भीर गलती गरेकी थिइन् । राजनीति प्रेरित भएर शीतल निवासले संविधान उल्लङ्घन गरेको उक्त घटनालाई त्यस्तै अनुचित शैलीमा दोहोऱ्याउन वर्तमान राष्ट्रपतिलाई पनि उक्साइनु उत्तिकै घातक छ । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी सर्वाधिक आलोचित हुनुको प्रमुख कारण नागरिकता विधेयकको सम्बन्धमा उनको दोहोरो मापदण्ड थियो । त्यही विधेयक अध्यादेशको रूपमा ओली सरकारको पालामा ल्याइँदा स्वीकृति प्रदान गरेकी थिइन् तर देउवा सरकारले त्यसै विधेयकलाई संसद्बाट दोस्रोपटक पारित गराएर ल्याउँदा भने उनले स्वीकृति प्रदान गरिनन् । यसले गर्दा उनी निकै आलोचित भएकी थिइन् । राजनीतिमा सक्रिय भएर काम गर्ने उनको चाहना अतृप्त रहेको कारण पनि उनको कतिपय निर्णय नेकपा एमालेलाई सहज र अनुकूल हुनेगरी आउने गरेको थियो । एकपटक फेरि नागरिकता विधेयक चर्चामा आएको छ । चर्चामा आउनुको प्रमुख कारण राजनीतिक नै हो । रवि लामिछानेको नागरिकता विवाद र पुनः प्राप्ति, नक्कली भूटानी शरणार्थी प्रकरण र काठमाडौंमा केही व्यापारीको नागरिकता शङ्काको घेरामा आउनुलगायतका विषयहरू नागरिकताकै कारण चर्चामा रहे ।

नेपालमा नागरिकताको विषय कथित मधेसवादी दलहरूको निम्ति पटक–पटक सरकारमा जाने, सत्ताधारी दल र नेपालका ठूला राजनीतिक दलहरूका निम्ति पद, सत्ता र अवसरको बार्गेनिङका लागि अमोघ अस्त्र साबित भएको छ । नागरिकताको विषय ठूला दलहरूको निम्ति मधेसी दलहरूलाई फकाउने, तर्साउने र राष्ट्रवादको अभिनय गर्ने अस्त्र साबित भएको छ । यदाकदा मधेसमा आफ्नो जनमसर्थन बनाउन पनि ठूला दलहरूले यसलाई प्रयोग गर्दै आएका छन् । खासगरी आफ्नो पार्टीले पनि नागरिकता समस्याको समाधान गर्न खोजेको तर विपक्षीहरूको असहयोगका कारण सम्भव नभएको भन्दै गोहीको आँसु चुहाउँछन् । किनारा साक्षीको रूपमा आफ्नै दलका मधेसी अनुहार र केही मधेसी दलको नाम पनि उल्लेख गर्दछन् । नागरिकताको विषय जिल्ला प्रशासन कार्यालयका केही कर्मचारी, स्थानीय स्तरका केही पत्रकार र केही निवेदनजीवी (प्रत्येक घटनामा उजूरी दिएर दलाली खान खोज्ने) हरूका निम्ति मागीखाने भाँडो साबित भएको छ । एकपटक वितरण भइसकेको नागरिकता खारेज हुन सक्दैन भन्ने कुरा यथार्थ हुँदा पनि जन्मसिद्धको आधारमा अथवा झूटा विवरण दिएर नागरिकता लिएका व्यापारीहरूलाई तर्साई पैसा खाने काम हुँदै आएको छ ।

रवि लामिछाने अहिले नेपालका चर्चित राजनीतिज्ञ भएका छन् । केही अघिसम्म एकैसाथ दुई देश (नेपाल र अमेरिका) को पासपोर्ट र नागरिकता बोकेर हिंड्थे । उनी नेपालमा पत्रकारिता गर्दा अमेरिकी नागरिक थिए । नेपालमा राजनीतिमा आएपछि सांसद पनि भएपछि उनको नागरिकता चर्चामा आयो । सर्वोच्च अदालतले उनको नागरिकलाई अवैध साबित गरेपछि उनले सांसद र पार्टी अध्यक्षको पद छोड्नुपरेको थियो । रवि लामिछानेबाहेक नेपालका अन्य कुनै पनि व्यक्तिसित यस्तो घटना भएको भए प्रहरीको सर्जमिन मुचुल्का आवश्यक पर्ने थियो । नागरिकता पाउन कम्तीमा पनि एक साता लाग्ने थियो, उनले भने आजको भालि नै नागरिकता प्राप्त गरे । एकपटक नेपालको नागरिकता परित्याग गरी विदेशी नागरिक भइसकेका व्यक्ति पुनः नागरिकता प्राप्त गर्न कति दिन पर्खनुपर्छ भन्ने मापदण्ड पनि व्यक्तिको हैसियत, लोकप्रियता र जनसमर्थनको आधारमा निर्धारण हुने भयो ।

नक्कली भूटानी शरणार्थी प्रकरणको हालै पटाक्षेप भएको छ । यसमा भूटानी शरणार्थीहरूको अमेरिका र युरोपेली राष्ट्रमा गई शरणार्थी सुविधा लिइरहेका कारण नेपालमा पनि केही व्यक्ति नक्कली भूटानी शरणार्थी भई अमेरिका जाने खोजे । यसको निम्ति लाखौं रुपियाँ खर्च पनि गरे । आखिर यो प्रकरण चारैतिर चर्चाको विषय बन्यो । नेपाली नागरिक भएर भूटानी शरणार्थी बन्ने प्रयास गर्नु आफैंमा गलत हो । किनभने भूटानी शरणार्थी बन्नुको अर्थ पहिले आफूलाई नेपाली नागरिक नठान्नु हो अथवा नेपालको नागरिकता र राष्ट्रियताप्रति जिम्मेवार नहुनु हो, आकर्षण नहुनु हो । नेपालबाहेक विश्वका अन्य कुनै पनि देश भएको भए विदेशी नागरिकता लिने प्रयास गरेको आरोपमा त्यस्ता नागरिकको नागरिकता समाप्त गरी थप कारबाई अगाडि बढाइने थियो । यस प्रकरणमा ठगिएका नेपालीहरूबाट देशका तत्कालीन मन्त्री, सचिव, तिनका नातेदार, आसेपासे र सल्लाहकारसमेत लाभान्वित भएका छन् । यसरी सोझा जनता, बढी पैसा कमाउने लालचमा, ठगको चक्करमा परी लाखौं रुपियाँ गुमाउन पुगेका छन् । एकजना पूर्वगृहमन्त्री यस प्रकरणमा पक्राउ पनि परेका छन् । नेपाली काङ्ग्रेस पृष्ठभूमिका नेता कमसेकम कानूनको सम्मान गर्दै न्यायालय र प्रहरीसमक्ष स्वयं हाजीर भए तर माओवादीको छापामार राजनीतिक पृष्ठभूमिका नेता जो हालै नेकपा एमालेका वरिष्ठ नेता एवं सांसद हुन्, उनी भने फरार छन् ।

यस प्रकरणमा पक्राउ पर्नेहरूको सूची लम्बिंदै गएको छ । नेकपा एमालेको सरकारको पालामा भएको निर्णयका कारण नै छुट शरणार्थीको सूची बनाउने बाटो खुलेको थियो । यस प्रकरणमा देशका प्रमुख राजनीतिक दलका नेताहरू पनि सामेल छन् । लोभले अथवा जुन कारणले पनि ठगिएकाहरूप्रति सबैको सहानुभूति हुनु स्वाभाविक हो, तर आफ्नै देशका नागरिकलाई ठग्ने कर्मचारी र मन्त्रीहरूमाथि अहिलेसम्म ती पार्टीहरूले कारबाई नगर्नु दुर्भाग्यपूर्ण हो ।

हालै राजधानी काठमाडौंमा पक्राउ परेका स्थानीय व्यापारीहरूको नागरिकता नक्कली भएको र उनीहरू भारतीय भएको आरोप छ । दशकौं काठमाडौंमा बसेर व्यापार चलाइरहेका मानिसहरू भारतीय थिए भन्ने कुरा त तिनको नागरिकतामा सनाखत बस्ने स्थानीयहरूलाई पनि थाहा छ । वि.सं. २०६३ सालमा जन्मका आधारमा नागरिकता प्राप्त गरेकाहरू वंशजका नेपाली नागरिक थिएनन् भन्ने कुरा त दिउँसोको घामजस्तै छर्लङ्ग थियो । शायद त्यही भएर होला सरकारले यो प्रावधान एकपटकका लागि मात्रै लागू गरेको थियो ।

जन्मका आधारमा नागरिकता लिनेहरू एक–डेढ लाख जति मात्रै थिए त्यसमा पनि बिस्तारै–बिस्तारै तिनको नागरिकता खारेज पनि भइरहेको छ । तर १७ वर्ष अघि नागरिकता प्राप्त गरिसकेकाहरूको उमेर कम्तीमा पनि ३५ वर्ष भइसकेको छ । तिनका छोराछोरीलाई वंशजको आधारमा नागरिकता प्रदान गरिने कुरा देशको संविधानमैं उल्लेख छ । सम्मानित सर्वोच्च अदालतले पटक–पटक यसको निम्ति आदेश दिए पनि संसद् गम्भीर बनेन । संसद्ले दुई–दुई पटक पारित गर्दा निवर्तमान राष्ट्रपतिले यस्तो विरोध गरिन् । वर्तमान राष्ट्रपति पनि यसमा सकारात्मक रहने सम्भावना देखिंदैन । २०६३ सालमा जन्मको आधारमा दुई लाख नेपालीले नागरिकता पाएका छैनन् तर नेपालका प्रायः राजनीतिक दलका नेताहरू, अनेकौं सञ्चारमाध्यम र कथित विद्वान्हरू यसलाई ४० लाख बताइरहेका छन् । नेपालको गृह मन्त्रालयको आकडा पनि यस्तो छैन तर दुर्भाग्य नागरिकतालाई विवादमा ल्याउने काम भइरहेको छ । बेहोरा ढाँटी नागरिकता लिनेहरूमाथि कारबाई हुनुपर्छ तर त्यसमा हस्ताक्षर र सिफारिश गर्नेमाथि पनि कारबाई हुनुपर्छ । दुर्भाग्य त के छ भने नागरिकता समस्या समाधान होस् भन्ने चाहना कसैको पनि छैन ।

# रामा यादव पत्रकारिता पुरस्कार पत्रकार कार्की र श्रेष्ठलाई

प्रस, रौतहट, २८ वैशाख/

आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले विशुद्धरूपमा पत्रकारिता गर्न सुझाव दिएका छन् ।

रामा यादव स्मृति प्रतिष्ठानद्वारा गौरमा आयोजित रामा यादव स्मृति पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा अध्यक्ष यादवले पत्रकारितासँगै विभिन्न पेशामा रहेका पत्रकारहरूले एउटा मात्र पेशा अँगाल्न आग्रह गरे । उनले वर्तमान अवस्थामा पत्रकारितामा विभिन्न खाले विकृति–विसङ्गतिहरू मौलाउन थालेकामा चिन्ता व्यक्त गर्दै नियन्त्रण गर्नुपर्ने बताए । उनले हालसम्म १५० जना महिला पत्रकारको प्राधिकरणले स्वास्थ्य बीमा गरिसकेको र आगामी दिनमा मधेस प्रदेशका सबै पत्रकारको स्वास्थ्य बीमा गर्ने योजना रहेको बताए ।

जोखिम सहेर पनि पत्रकारिता गर्दै आएका कतिपय सञ्चारकर्मीहरूले ज्यान गुमाउनुपरेको दुःखद अवस्थालाई स्मरण गर्दै स्वास्थ्य क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई हटाउन आफूबाट इमानदार प्रयास गरिने बताए । उनले पुरस्कारको माध्यमबाट पनि पत्रकारितामा देखा परेका विकृति हटाउन सकिने र त्यसका लागि मूलरूपमा पत्रकारिता गर्दै आएकालाई पुरस्कृत गर्न सुझाए ।




तस्वीरः प्रतीक

रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सञ्चारकर्मीहरूको काँधमा ठूलो जिम्मेवारी रहेको हुँदा सत्यतथ्यलाई ख्याल गर्दै समाचार सम्प्रेषण गर्न आग्रह गरे ।

रामा यादव स्मृति प्रतिष्ठानका संयोजक जयप्रकाश यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झा, पत्रकार प्रभातकुमार झाले आम सञ्चारकर्मीहरूले भोग्नुपरेका पीडालाई पोख्दै कोभिडकालको समयमा भएको क्षतिको हालसम्म राज्यबाट उचित सम्बोधन हुन नसकेको बताए । उनीहरूले पत्रकारले गर्नुपर्ने काम, कर्तव्यलाई बुझेर मात्रै पत्रकारिता गर्न सुझाए ।

कार्यक्रममा प्रहरी उपरीक्षक वीरबहादुर बुढामगर, सशस्त्र प्रहरी उपरीक्षक माधव रेग्मी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक चन्दन झा, नेपाल पत्रकार महासङ्घ रौतहटका उपाध्यक्ष प्रवीण शर्मा, सचिव मदन ठाकुर, दिनेश यादव, राकेश यादव, किशोरी यादव, चञ्चल झालगायत सञ्चारकर्मीहरूको सहभागिता थियो ।

रेड टेलिभिजनकी संस्थापक स्वर्गीय रामादेवी यादवको पुण्यतिथिको अवसरमा प्रदान गरिने रु २६ हजार पाँच सय राशिको सो पुरस्कार–२०८० बाट प्राइम टेलिभिजनकी सञ्चारकर्मी सिर्जना कार्की र २०७९ सालको सोही पुरस्कार पोखराकी पत्रकार अनिषा जयन्ती श्रेष्ठलाई प्रदान गरिएको थियो ।

प्राधिकरणका अध्यक्ष यादव, रेड टेलिभिजनका संयोजक जयप्रकाश यादव र प्रजिअ मिश्रले पत्रकारद्वय कार्की र श्रेष्ठलाई संयुक्तरूपमा पुरस्कार प्रदान गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## घोर निराशा : आर्थिक विकासको बाधक

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालमा राजनीतिक परिवर्तन हुनासाथ, स्वार्थी नेताहरूको गतिविधिमा अङ्कुश लाग्नासाथ, इमानदार नेताहरूको उदय हुनासाथ, नेपालको संविधानमा संशोधन हुनासाथ, चुनाव पद्धतिमा परिवर्तन हुनासाथ, नेपालमा आर्थिक विकासको युगको सूत्रपात हुनेछ । आर्थिक विकासको युग फर्किनेछ ।**

अरू सबै कुरा रित्तिएर नेपालसँग अहिले केवल श्रम मात्र छ । र त्यही श्रम नेपालले अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर दुई छाकको जोहो गरिरहेको छ। २०६३ सालमा भएको राजनीतिक परिवर्तन र उक्त परिवर्तनले ल्याएको गणतन्त्रले नेपाललाई लगभग रित्तो नै पारिसक्यो। बिक्री गर्नका लागि नेपालसँग अहिले श्रम बाहेक केही छैन। नेपालको राजनीतिक र अर्थ व्यवस्था दुई-चार राजनीतिक दलहरूको हातमा रहेको स्थितिले नेपाललाई आर्थिकरूपमा टाट पल्टिने स्थितिमा पुऱ्याइसकेको छ । नेपालको अर्थतन्त्र बूढो गोरुजस्तो कहिले उठ्न नसक्ने गरी थच्चिकन्छ भन्न सकिने स्थिति छ। ठूलो अनिश्चितता छ।

कुनै समय नेपाल भित्रै कृषि औजार, जुट, छाला, कन्फेसक्नशरी, चिनी, धान चामल, तोरी, कपडा, मोजा, स्टिलका भाँडा, हस्तकलाका सामग्री, चिया, कागज, सलाई, साबुन आदि आदि ठूलो परिमाणामा उत्पादन हुन्थ्यो। चामल त नेपालको आन्तरिक उपभोगभन्दा बढी भएर विदेश निर्यात गर्नुपर्थ्यो । त्यस्तो स्थितिमा रहेको नेपाल अहिले केवल श्रम मात्र उत्पादन गर्न सक्ने स्थितिमा पुगेको छ। देशलाई कसले पुऱ्यायो यो स्थितिमा ? यस प्रश्नको उत्तर गणतन्त्रवादीहरूले दिनुपर्छ किनभने पञ्चायत व्यवस्थाले देशको आर्थिक विकास गरेन भनेर उनीहरूले पञ्चायत मात्र होइन, संवैधानिक राजतन्त्रसमेत फालेका थिए। व्यवस्था परिवर्तन गर्न भनेर नै १७ हजार नेपालीको ज्यान जाने स्थिति सृजना गरेका थिए । ती गणतन्त्रवादीहरूले अहिले के गर्दैछन् र कस्ताकस्ता भ्रष्टाचार काण्डमा मुछिएका छन् भन्ने कुरा जगजाहेर छ।

हरेक दिन सयौंको सङ्ख्यामा नेपाली श्रम बिक्री गर्ने अन्तर्राष्ट्रिय बजारतर्फ लागिरहेका छन्। श्रम बजारमा नेपालीहरू प्रवेश गरिरहेको अवस्था हेर्दा नेपाल छाड्ने नेपालीहरूलाई तीन समूहमा विभाजित गर्न सकिन्छ ।

पहिलो समूहमा त्यस्ता नेपाली पर्छन् जोसँग सीप र शिक्षा दुवै छ। र उनीहरूले विदेशमा आफ्नो सीप र शिक्षा (डिग्री) बिक्री गरेर स्वदेशभन्दा सहज र स्तरीय जीवन बाँच्न सक्छन्। नेपालले साधन र स्रोत खर्च गरेर तयार पारेको यस्तो जनशक्ति राष्ट्रको भू-राजनीतिक कारणले अर्को देशको लागि काम गर्नुपर्ने स्थिति छ। कस्तो विडम्बना ! आफ्नो लगानीमा तयार पारेको जनशक्ति आफ्नै राष्ट्र निर्माणमा उपयोग हुन सकिरहेको छैन। राष्ट्रलाई कति ठूलो घाटा भइरहेको छ। यस्तो जनशक्ति विदेशमा नै सदाका लागि बस्दा राष्ट्रलाई झन् कत्रो घाटा हुन्छ ?

अध्ययनका लागि विदेश जाने । अध्ययन समाप्त गरेर विदेशमा नै स्थायी बसोवास गर्ने । यस्तो गर्ने नेपाली दोस्रो समूहमा पर्दछन् । यस्ता नेपालीहरूले अवसर पाएमा छोटै समयमा धेरै कमाएर विलासी जीवन बिताउन सक्छन् । नेपालबाट अमेरिका आएर गुगल, टिकटक, एमेजन, एप्पलजस्ता धनी एवं प्रख्यात कम्पनीहरूमा काम गर्ने नेपालीको सङ्ख्या पनि कम छैन ।

विदेश पुगेर कोरा श्रम बिक्री गर्ने नेपाली तेस्रो समूहमा पर्दछन् । केवल लेखपढ गर्न जान्ने वा सामान्य शिक्षा प्राप्त गरेका नेपालीहरू अहिले ठूलो सङ्ख्यामा खाडी मुलुकहरू, मलेशिया, इजराइललगायत युरोपका अनेक गरीब राष्ट्रमा समेत पुगिरहेका छन् । केवल सामान्य श्रम बिक्री गर्ने समूहमा पर्ने यी व्यक्तिहरूको आम्दानी त्यति राम्रो नभए तापनि नेपालमा आर्जन हुनेभन्दा बढी हुन्छ र एक्लो बसेको हुनाले केही बचत पनि हुन्छ। कोरा श्रम बिक्री गर्न विदेश पुगेका युवा पनि विदेशमा लामो बसिरहेका छन्।

यस लेखमा भने दुई महत्त्वपूर्ण विषय उठान गर्न खोजिएको छ। पहिलो विषय हो नेपालका केही नेताहरूले सृजना गरेको राष्ट्रिय अवस्था र त्यो अवस्थाले सृजना गरेको चरम निराशा। अनि त्यो चरम निराशाले नेपालको अर्थतन्त्रमा पारेको कुप्रभाव ।

अहिले नेपालमा चरम निराशा व्याप्त छ । युवा पीढी त झनै निराशाको खाडलमा डुबेको छ। नेपालमा केही गर्न सकिंदैन। दुई चार पैसा कमाएर सरल जीवन बिताउन विदेश नै जानुपर्छ भन्ने मनोविज्ञानले नेपाली युवाहरूलाई सताएको छ। अर्थात् यो देश (नेपाल) मा केही गर्न सकिन्छ भन्ने आशा नेपाली युवाले गुमाइसकेको छ । उच्च शिक्षा प्राप्त गरेका हुन् वा सामान्य शिक्षा, सबै किसिमका युवामा नेपालमा अब केही गर्न सकिंदैन भन्ने मनोविज्ञानले बलियो गरी जरो गाडेको छ। यति मात्र होइन, अभिभावकहरू पनि यो मनोविज्ञानको शिकार भएका छन्। मात्र १२ कक्षाको अध्ययन समाप्त गरेका छोराछोरीलाई विदेश (पढ्न) पठाउन आतुर देखिएका छन् । यसरी युवा मात्र होइन, उनका अभिभावकलाई पनि नेपालमा आफ्ना सन्तानको भविष्य सुरक्षित छैन, सुखी छैन भन्ने लागेर विदेश जाने भूत चढेको छ। युवा र तिनका अभिभावकमा पनि चरम निराशा उत्पन्न हुनु र नेपालमा अब केही गर्न सकिंदैन भन्ने लाग्नु ज्यादै डरलाग्दो स्थिति हो। यो स्थितिले देश आर्थिकरूपमा मात्र बर्बाद हुँदैन, भोलिका दिनमा नेपाल, देशको रूपमा रहन सक्छ कि सक्तैन भन्ने डर पनि सृजना गर्दछ। देशमा आफ्नो भविष्यलाई लिएर, त्यहाँका नागरिकमा चरम निराशा व्याप्त हुनु अति डरलाग्दो स्थिति हो । यो स्थितिलाई सामान्यरूपमा लिने भूल कसैले पनि गर्नुहुँदैन ।

यस लेखमा उठान गर्न खोजिएको दोस्रो विषय हो-जनशक्ति क्षय। युवाहरू ठूलो सङ्ख्यामा विदेश गएमा हामीले जनशक्तिको ठूलो क्षय बेहोर्नुपर्नेछ। अहिले जुन किसिम र सङ्ख्यामा नेपाली युवाहरू शिक्षा, रोजगार र राम्रो आम्दानीका लागि विदेश गइरहेको छन् र त्यो स्थिति भविष्यमा पनि जारि रहेमा, केही वर्षभित्रै नेपालमा जनशक्तिको ठूलो अभाव हुनेछ। देशभित्र सामान्य काम गर्न पनि जनशक्तिको ठूलो अभाव हुनेछ। गाउँ-घरतिर त कृषि जनशक्तिको ठूलो अभाव अहिले नै महसूस भइसकेको छ। शहरतिर उद्योग र व्यापारको तीव्रगतिमा विकास भएको भए, शहरमा पनि जनशक्तिको ठूलो अभाव अनुभव हुन्थ्यो । नेपालका शहरहरूमा अहिले उत्पादनको स्थिति दयनीय छ । भएका उद्योग बन्द छन्। सरकारी स्तरमा सञ्चालित उद्योगहरू (जनकपुर चुरोट कारखाना, वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना आदि) समेत बन्द छन् । गोरखापत्र संस्थान, नेताहरूलाई आफ्नो विचार र स्वार्थ सम्प्रेषण गर्न सजिलो माध्यम बन्ने भएकोले नै यो संस्थान अहिलेसम्म जीवित छ।

देशमा रोजगार उपलब्ध नहुनु, बाध्य भएर रोजगारका लागि विदेश जानुपर्ने स्थिति हुनु, देश आर्थिकरूपले निरन्तर कमजोर हुँदै जानु अति गम्भीर विषय त हो नै, तर यसभन्दा अति गम्भीर विषय देशमा चरम निराशा व्याप्त हुनु हो ।

नेपालमा अहिले चरम निराशा व्याप्त छ। खासगरी युवाहरूमा चरम निराशा व्याप्त छ। स्वदेश (नेपाल) मा बसेर नै केही गर्न सक्ने, अर्को शब्दमा, आर्थिक रूपमा सक्षम र शिक्षा एवं सीपले युक्त युवाहरूले पनि नेपाल छाडिरहेका छन्। किन ? नेपालभन्दा स्थिरता र सुख विदेशमा देखिरहेका छन्। किन ? आफ्नो भविष्य विदेशमा सुरक्षित हुने विश्वास लिएर विदेशतिर पलायन भइरहेका छन्। किन ?

गरीब एवं साधन तथा स्रोतको अभाव भएर, स्वदेशमा केही गर्न नसकिने स्थिति देखेर विदेश पलायन हुनु एक किसिमले सही हो । तर आर्थिकरूपमा सक्षम र शिक्षा र सीपले युक्त युवाहरूसमेत विदेशतिर पलायन हुने स्थिति ठीक होइन। यो डरलाग्दो स्थिति हो । यो स्थितिले नेपाली युवामा चरम निराशा व्याप्त छ भन्ने अनुमान, बलियोगरी, सत्य हो भन्ने पुष्टि हुन्छ ।

नेपालमा धेरै कुरा छ। नेपाल साधन र स्रोतले धनी राष्ट्र हो । नेपाललाई बर्बाद पारेको वर्तमानको राजनीतिले हो। केही नेताको स्वार्थी प्रवृत्तिले हो। र यी स्वार्थी नेताहरूलाई चुनावमा पुन:पुन: विजयी गराउने मतदाताहरूको अज्ञानताले हो । केही मतदाताको स्वार्थले हो ।

नेपालमा राजनीतिक परिवर्तन हुनासाथ, स्वार्थी नेताहरूको गतिविधिमा अङ्कुश लाग्नासाथ, इमानदार नेताहरूको उदय हुनासाथ, वर्तमान नेपालको संविधानमा संशोधन हुनासाथ, वर्तमान चुनाव पद्धतिमा परिवर्तन हुनासाथ, नेपालमा आर्थिक विकासको युगको सूत्रपात हुनेछ। आर्थिक विकासको युग फर्किनेछ।

नेपालको वर्तमान राजनीतिले हामीलाई अहिले सुनको कटौरा लिएर भिक्षा माग्ने स्थितिमा पुऱ्याएको छ । हामीसँग सुनको कटौरा (स्रोत एवं साधन) त छ, तर हामी भीख मागिरहेका छौं। हाम्रो त्यस सुनको कटौराको हामीले उपयोग गर्न सकेका छैनौं ।


नेतृत्व परिवर्तन हुनासाथ, राजनीतिमा इमानदार नेताहरूको प्रवेश हुनासाथ, हामी त्यो सुनको कटौरा प्रयोग गर्ने स्थितिमा पुग्नेछौं। अवश्य पुग्नेछौं।

हामी यो घोर निराशाको स्थितिबाट बाहिर आउनेछौं, आउनुपर्छ, आशावादी हुनुपर्छ ।

## तातोपानी नाका आंशिक निर्यातमा सीमित

चौतारा, २८ वैशाख/रासस

चीनसँगको छोटो दूरीको उत्तरी गतिविधिमा तिब्बतीबाहेक पाँच सय नेपाली स्थायी झैं बसोवास गरेका थिए।



तस्वीर: फाइल

तातोपानी नाका वैशाख १८ मा नेपाली सामग्री बोकेका तीन कन्टेनर पठाउँदै निर्यात पूर्णरूपमा खुलेको भनिए पनि आंशिक निर्यातमा सीमित भएको छ।

निर्यात खोलिएलगत्तै चीनको माग अनुरूप सिगात्सेमा लैजान तयार पारिएका भाँडाकुडा, हस्तकलाका सामान बोकेका तीन कन्टेनरसमेत तातोपानी सुक्खा बन्दरगाहमा थन्किएका छन् ।

"निर्यात त ठप्प छ, त्यतिबेला नै तयार पारिएका सामग्रीको फारम भरेको पनि एक साता भयो, निर्यात खुल्नुको सट्टा उल्टै आयात भइरहेका कन्टेनर पनि दिनहुँ घट्दो क्रममा देखिन्छ"-तातोपानी भन्सार कार्यालयका अधिकृत दयानन्द केसीले बताए। निर्यातका लागि खुलेपनि आंशिक भइरहेको उनको भनाइ छ।

अब नेपालीले निर्यातका लागि नेपालबाट खाद्यान्न जडिबुटीलगायत वस्तु मितेरी पुलको आधा भागसम्म पुऱ्याउन सक्नेछन् । "मानिस आवातजावत तथा गाडी खासासम्म जाने कुरा होइन, निकासी मात्रै हो"-प्रमुख भन्सार अधिकृत केसीले भने । तातोपानी नाकाबाट पहिलेको जस्तो निर्यातका लागि नेपालीले पर्याप्त सामग्री उपलब्ध गराउन नसक्ने केसीको ठम्याइ छ ।

उनका अनुसार पहिले खासासम्म खाद्यान्न तथा तरकारी र सतुवालगायत जडीबुटी निकासी हुँदा नेपालीको आम्दानीको स्रोत राम्रो थियो। त्यतिबेला मात्रै खासामा होटल सञ्चालनलगायत तर खासा अहिले सुनसान छ। निकासी खुलेपनि नेपालबाट हस्तकलाका सामग्री बाहेक अन्य वस्तु निर्यातको सम्भावना नभएको भन्सार अधिकृत केसी बताउँछन्।

अहिले नेपाली व्यापारीले खासाबाट सिल्क कम्पनीमार्फत नेपालतर्फ दैनिक ६/७ कन्टेनर स्याउ, लसुन तथा लत्ताकपडालगायत सामग्री मितेरी पुलसम्म ल्याउन पाउँछन् । बैठकमा व्यापारीले खासासम्म जान दिनुपर्ने चिनियाँ पक्षसँग माग गरेपनि उनीहरू सकारात्मक नभएको सिल्क कम्पनीका व्यवस्थापक विजय शेर्पा बताउँछन्।

यस अघि स्याउ, लसुन, ऊन, रोल कपडा, जलविद्युत् आयोजनाका पाइपजस्ता वजनदार सामग्री तातोपानी नाकाबाट ल्याइन्थ्यो। भन्सार यार्डमा 'क्यू सिस्टम'मा छ सयभन्दा बढी मजदूर सामान लोड-अनलोड गर्छन्।

चालू आर्थिक वर्षमा रु चार अर्ब ६२ करोड भन्सार राजस्व सङ्कलनको लक्ष्य लिइएकोमा अहिलेसम्म रु दुई अर्ब २० करोड उठेको छ। अहिले चीनले 'ट्रेड च्यानल'मा सामग्री पठाएकोले झन्झटिलो भएको स्थानीय व्यवसायी दोर्जे लामा बताउँछन्।

अहिले आउने कन्टेनरमा रड, स्याउ र लसुनजस्ता सामग्री छन्, यी सामान पनि चीनले 'ट्रेड च्यानल'मार्फत पठाउन थालेको छ। जसले गर्दा सम्पूर्ण सामग्री झारेर हेर्ने प्रक्रिया लामो हुन्छ । एक कन्टेनर सामग्री आउन एक महीनासम्म लाग्ने उनी बताउँछन्।

## समस्याग्रस्त दुई सहकारीका बचतकर्ताको रकम फिर्ता

काठमाडौं, २८ वैशाख/रासस

सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये दुई सहकारीका सबै बचतकर्ताको रकम फिर्ता गरिएको छ।

सरकारले २०७५ साल असार १८ गते समस्याग्रस्त घोषणा गरेको कुबेर बचत तथा ऋण सहकारी संस्थाको पहिलो सूचना अनुसार माग दाबी गर्ने सबै बचतकर्ताको पैसा फिर्ता गरिएको सहकारी व्यवस्थापन समितिको कार्यालयका प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिए। सहकारीका सञ्चालक र ऋणीको बैंक खाता रोक्का गरेपछि आएको पैसाले बचतकर्ताको बचत फिर्ता गरिएको उनले बताए ।

सरकारले विसं २०७५ असार १८ गते समस्याग्रस्त घोषणा गरेपछि जारी गरेको सूचना अनुसार कुबेर सहकारीका १० बचतकर्ताले समितिसँग रु ८४ लाख बचत दाबी गरी निवेदन दिएका थिए। ती सबैको बचत फिर्ता गरिएको हो । दश बचतकर्ताको बचत फिर्ता गरेपछि अन्य १२ बचतकर्ताले पनि रु ५० लाख माग दाबी गरी निवेदन पेश गरेका छन्।

यस अघि समितिले स्ट्यान्डर्ड मल्टिपर्पज को-अपरेटिभ लिमिटेडका बचतकर्ताको पनि सबै बचत फिर्ता गरिएको जानकारी गराएको थियो । बाँकी १० समस्याग्रस्त सहकारीमध्ये ओरेन्टल कोअपरेटिभ लिमिटेडमा चार हजार तीन सय बचतकर्ताको पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको छ। ओरेन्टलले बचतकर्तालाई रु तीन अर्ब ५० करोड बचत फिर्ता गर्नुपर्नेछ।

सरकारले समस्याग्रस्त घोषणा गरेको स्ट्यान्डर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, प्यासिफिक सेभिङ एन्ड इनभेस्टमेन्ट कोअपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कोहिनूर हिल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका बचतकर्ताको बचत फिर्ता गर्ने काम भइरहेको समितिका सदस्य सचिवसमेत रहेका कार्यालय प्रमुख पौडेलले बताए ।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीको व्यवस्थापनका लागि समिति गठन भएको हो। समितिले भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय अन्तर्गत रही समस्याग्रस्त सहकारी व्यवस्थापनको काम गर्दै आएको छ।

## अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग अर्थमन्त्रीको छलफल

काठमाडौं, २८ वैशाख/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा रहेका अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका विषयमा छलफल गरेका छन्।

अर्थ मन्त्रालयमा बिहीवार भएको छलफलमा विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अन्तर्राष्ट्रिय वित्त निगमजस्ता बहुपक्षीय विकास साझेदार, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, जापान, कोरिया, स्वीट्जरल्यान्ड, नर्वे, फिनल्यान्ड, युरोपियन युनियन, जर्मनीलगायतका द्विपक्षीय विकास साझेदार संस्थाहरूका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो।

छलफलका क्रममा अर्थमन्त्री डा महतले नेपाल सरकारका आगामी दिनका प्राथमिकता, आगामी बजेटले लिने मार्गदर्शन, सिद्धान्तका विषयमा धारणा राखे। उनले नेपाल सरकारले उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल सरकारको ऋण बढ्दो क्रममा रहेको सन्दर्भमा आगामी दिनमा साँवा ब्याज तिर्न सक्ने खालका उत्पादनशील क्षेत्रमा लगानी गर्ने प्राथमिकता रहेको जानकारीसमेत उनले गराए। साथै उनले आगामी दिनमा सिर्जना हुने दायित्वका विषयमा नेपाल सरकार अत्यन्तै सजग रहेको समेत बताए ।

डा महतले वैदेशिक ऋण सँगसँगै उल्लेख्यरूपमा अनुदान उपलब्ध गराउन र जलवायु परिवर्तनको कारक नेपाल नभएको हुँदा यस क्षेत्रमा आउने सहायता पनि अनुदानकै रूपमा परिचालन गर्न आग्रह गरे। छलफलका क्रममा विकास साझेदारहरूबाट प्राप्त राम्रा सुझाव-सल्लाहलाई धन्यवाद दिंदै डा महतले आगामी दिनमा सहकार्य गर्दै जाने उल्लेख गरे ।

अन्तर्राष्ट्रिय विकास साझेदारका प्रमुख एवं प्रतिनिधिहरूले नेपाल सरकारले बजेटमा लिने प्राथमिकता र कार्यक्रममा साथ, सहयोग र समर्थन हुने विश्वास दिलाएका छन्।

नेपाल सरकारले लिएको लक्ष्य र प्राथमिकतालाई नै विकास साझेदारहरूले अवलम्बन गर्ने, नेपालको राष्ट्रिय नीति, प्रणाली र संरचनाको माध्यमबाट वैदेशिक सहायता परिचालन गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै विदेशी साझेदारहरूसँग समेत समयसमयमा गरिने र आगामी दिनमा संयुक्त सहकार्यलाई थप घनिष्ट पार्दै जाने विश्वास व्यक्त गरे ।

छलफलका क्रममा अन्तर्राष्ट्रिय विकास साझेदारहरूले विभिन्न सुझाव दिएका छन् । पूँजीगत खर्चमा सुधार गर्नुपर्ने, सार्वजनिक संस्थान व्यवस्थापनमा सुधार गर्नुपर्ने, खर्चमा दोहोरोपन घटाउनुपर्ने, आन्तरिक स्रोत परिचालनका लागि सुधारका खाका तयार गर्नुपर्ने, सार्वजनिक र निजी वित्तीय साधन राष्ट्रिय प्राथमिकतामा प्रवाह गर्नुपर्ने सुझाव दिएका छन्।

त्यसैगरी, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र पोषणमा लगानी वृद्धि गर्नुपर्ने, करको दायरा विस्तार गर्नुपर्ने, न्यून पूँजीगत खर्च र कमजोर

(बाँकी पाँचौं पातामा)

# आर्थिक समृद्धिका लागि उत्पादनमा वृद्धि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण, पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान, अर्थतन्त्रमा औसत पाँच प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्च्याएर कुनै पनि मुलुकले अर्थतन्त्रमा सफलता प्राप्त गर्न सक्दैन।**

नेपालमा सत्ताको आडमा हुने गरेका बजेट विचलन, ठेक्कापट्टा घोटाला, घूस-कमिसन प्रकरणजस्ता घटनाहरूले सङ्गठित आर्थिक अपराधको निकै बलियो जालो बनाएको पुष्टि हुन्छ। पछिल्लो पटक नक्कली भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी प्रकरणले राज्य र राजनीतिमा अपराधको यो दुष्चक्र अरू उजागर भएको छ। पूर्व उपप्रधानमन्त्रीदेखि सरकारका बहालवाला सचिव, पूर्वगृहमन्त्रीका सल्लाहकारको गिरोह पक्राउमा परेका छन् भने यस घटनामा अरू पनि तानिने सम्भावना बढेको छ। यसको मुहान राजनीति हो र यो सफा नभएसम्म यो क्रम-उपक्रम चलिरहनेछ। यस्ता घटनाले मुलुकको अर्थतन्त्र झन् कमजोर बन्दै गएको छ। यसै पनि नेपालको अर्थतन्त्र अहिले असहज अवस्थाबाट गुज्रिरहेको छ। आर्थिक मन्दीले गर्दा व्यवसायमा सङ्कट आउने र यसले रोजगारसमेत गुम्न सक्ने तथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउन सक्छ। बढ्दो बेरोजगार र आर्थिक मन्दी लम्बिएमा उपभोक्ताको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएर वस्तुको माग घट्न जान्छ। यस्तो अवस्थामा मुलुकले लामो अवधिको लागि लिएका विकास योजनाहरूमा नकारात्मक प्रभाव पर्न जान्छ र उत्पादनशील उमेर समूहका लाखौं नागरिक मुलुकमा गुमेको अवसरका कारण विदेशिने क्रम बढ्दै जान्छ।

अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको पहिलो आठ महीनासम्मको राजस्व परिचालनमा १६.१ प्रतिशतले कमी आएको छ। त्यस्तै नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार सोही अवधिमा उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ भने विप्रेषण आप्रवाह २५.३० प्रतिशतले वृद्धि भई रु ७ खर्ब ९४ अर्ब ३२ करोड पुगेको देखिन्छ। अघिल्लो वर्ष चालू खाता घाटा रु ४ खर्ब ६० अर्ब ७२ करोड रहेकोमा सो अवधिमा चालू खाता घाटामा उल्लेख्य सुधार भई यो घाटा रु ४४ अर्ब ३१ करोडमा सीमित भएको र समीक्षा अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४८ अर्ब ११ करोडले बचतमा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। सोही अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप र प्रवाहित कर्जामा क्रमशः ५.५ र २.८ प्रतिशतले वृद्धि भएको तथ्याङ्क छ। २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थामा निष्क्रिय कर्जा २.६३ प्रतिशत रहेको देखिन्छ। यसरी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७९-८० को पहिलो नौ महीनामा कुल व्यापार रु १३१९.७९ अर्ब रहेकोमा कुल निर्यात रु ११८.२८ अर्ब र कुल आयात रु १,२०१.५१ अर्ब भई व्यापार घाटा रु १०८३.२३ अर्ब रहेको छ। यसमा निर्यात र आयातको अनुपात १:१०.२ हुन्छ। आयात र निर्यात बीचको अन्तर यति धेरै हुनु अर्थतन्त्रका लागि दीर्घकालीनरूपमा गम्भीर विषय हो। यसको प्रमुख कारण देशमा उत्पादन नहुनु हो। सधैं रेमिट्यान्स र आयातबाट आउने राजस्वको भरमा मात्र मुलुकको अर्थतन्त्र चलायमान हुन सक्दैन।

यसको दीर्घकालीन समाधानका लागि राज्यले उद्योग व्यवसायको वृद्धि गरी उत्पादन बढाउँदै निर्यातमा वृद्धि गर्नु अपरिहार्य आवश्यकता हो। यसका लागि पूँजीगत खर्चको अधिकतम प्रयोग गर्दै आयात प्रतिस्थापन गर्ने खालका उद्योगहरूको स्थापना एवं सञ्चालन आवश्यक देखिन्छ। फलस्वरूप नेपालमैं रोजगार सिर्जना भई लाखौं युवा विदेश जानुपर्दैन। यसले आयात-निर्यात असन्तुलनमा कमी आउँछ। विकसित मुलुकहरूको आर्थिक सूचकाङ्क हेर्दा, सबैजसोमा रोजगारको अवसर एवं राजस्वजस्ता पक्षमा सेवा क्षेत्र (पर्यटन, शिक्षा, स्वास्थ्य, होटल, यातायात आदि) को योगदान ५० प्रतिशतभन्दा माथि हुने गर्छ। नेपालले पनि यो क्षेत्रको विकासलाई सबैभन्दा बढी प्राथमिकतामा राख्न जरूरी छ। कृषिमा निर्भर ठूलो जनशक्तिलाई तत्काल अन्य क्षेत्रमा स्थानान्तरण गर्न सम्भव छैन। त्यसैले मासुजन्य, दुग्धजन्य पदार्थ एवं तरकारी र फलफूल, जसले थोरै जमीनमा धेरै उत्पादन दिन सक्छ, त्यस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ। यसका लागि उद्योग-व्यवसाय क्षेत्रमा वर्षौंदेखि अड्केर बसेको समस्या तत्काल समाधान गरी सञ्चालन हुने बाटो खोल्नुपर्छ। स्वदेशी तथा विदेशी लगानीका सम्पूर्ण अवरोध तत्काल सम्बोधन गर्ने गरी कार्यक्रम ल्याउनुपर्छ। जग्गा प्राप्ति सम्बन्धी ऐन संशोधन गर्दै सार्वजनिक हितका निम्ति जग्गा अधिग्रहण गर्न पाउने व्यवस्थामा निजी क्षेत्रका उद्योग-व्यवसायलाई पनि सार्वजनिक हितको श्रेणीमा राख्न आवश्यक छ। मालपोत, बैंक एवं मुआब्जाका लागि गरिएका छुट्टाछुट्टै मूल्याङ्कन व्यवस्था हटाई एउटै लागू गर्नुपर्छ। सार्वजनिक हितका लागि जङ्गल क्षेत्र प्राप्तिसम्बन्धी ऐन संशोधन गरी खुकुलो बनाउनुपर्ने हुन्छ।

वास्तवमा औद्योगिक विकासविना आर्थिक समृद्धि सम्भव छैन। त्यसैले औद्योगिक विकासलाई आर्थिक विकासको मेरुदण्ड मानिन्छ। औद्योगिक विकास आर्थिक समृद्धिको प्रमुख आधार पनि हो। विभिन्न आयात प्रतिस्थापन गर्ने खालका उद्योगहरूको सञ्चालन गरी उत्पादन बढाउँदै लैजानुपर्छ। ती उत्पादित वस्तुहरूको आन्तरिक बजारमा बिक्री वितरण र यसको निर्यातबाट राज्यको कर तथा राजस्वमा वृद्धि हुन्छ। फलस्वरूप विदेशी मुद्राको आर्जन तथा सञ्चिति, रोजगार सिर्जना र जनताको आम्दानीमा अभिवृद्धि भई देशको आर्थिक विकासमा सहयोग पुग्छ। मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग-व्यवसाय स्थापना एवं सञ्चालन विना उत्पादन बढाउन सकिँदैन। उत्पादन नबढाई आम्दानी हुने कुरै भएन। आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन। त्यसैले औद्योगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि नगरी आर्थिक समृद्धि सम्भव देखिँदैन।

अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि यसको संरचनात्मक सुधार आवश्यक देखिन्छ। यसका लागि औद्योगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि गर्नुपर्ने महत्त्वपूर्ण अवसर अहिले नयाँ सरकारलाई प्राप्त भएको छ। सङ्कटोन्मुख अर्थतन्त्रलाई सबल बनाएर सरकारले आम नागरिकको मन जित्ने बेला पनि यही हो। त्यसका लागि सरकारले महत्त्वपूर्ण र परिवर्तनकारी काम गर्नुपर्दछ। राजस्व चुहावट तथा नियन्त्रण, सीमा क्षेत्रको अवैध व्यापार न्यूनीकरण, कर्मचारी संयन्त्रको प्रणालीगत उपयोग, भ्रष्टाचारमा शून्य सहनशीलता र अनावश्यक खर्च कटौती गर्दै औद्योगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि गरी रोजगार सिर्जना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने सरकारको आर्थिक रणनीति हुनुपर्दछ। कमजोर पूँजीगत खर्च बढाउन सार्वजनिक खरीद प्रक्रियामा रहेका जटिलता फुकाउनेदेखि आवश्यकता अनुसार कानून संशोधनमा सरकार तयार हुनुपर्छ।

अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण, पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान, अर्थतन्त्रमा औसत पाँच प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्च्याएर कुनै पनि मुलुकले अर्थतन्त्रमा सफलता प्राप्त गर्न सक्दैन। उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकोले औद्योगिक क्षेत्रको विस्तारमा नयाँ सरकारको ठोस पहल आवश्यक छ। यसका लागि अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भ मानिने निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद-उन्मुख नयाँ आर्थिक नीति तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

# जमुनाह एकीकृत जाँच चौकी अन्तिम चरणमा

जानकी, २८ वैशाख/रासस




बाँकेस्थित नेपाल-भारत सीमानाका जमुनाहमा निर्माणाधीन एकीकृत जाँच चौकी निर्माणको काम डेढ महीनाभित्र पूरा हुने बताइएको छ।

यही मे महीनाभित्र सम्पन्न गर्ने सम्झौता भए पनि निर्माण काम भने डेढ महीनाभित्र पूरा हुने भारतीय पक्षले जानकारी गराएको छ। सङ्घीय आयोजना कार्यान्वयन एकाइ नेपालगंजका निमित्त प्रमुख विजयकेशर खनालले एकीकृत जाँच चौकीको करीब ८९ प्रतिशत निर्माण सम्पन्न भएको बताए।

"एकीकृत जाँच चौकी निर्माणका लागि जग्गा नेपालले उपलब्ध गराएको हो र निर्माणको जिम्मेवारी नेपाल र भारतको सहमति अनुसार भारतीय पक्षले लिएको छ। लगानी, प्राविधिक पाटो र निर्माण व्यवसायी भारतले नै छनोट गरेको हो। नेपालमा बन्न लागेकोले हामीले निर्माणको अवस्थाबारे जानकारी मात्रै लिने गरेका छौं"-कार्यालय प्रमुख खनालले भने।

उक्त जाँच चौकी निर्माणका लागि एक दशक अघि नै नेपाली पक्षले नेपालतर्फको ९० बिघा जग्गा अधिग्रहण गरी तारबार गरेको थियो। दुवैतर्फको निर्माण कार्य भने अढाई वर्ष अघि मात्रै शुरू भएको हो। एकीकृत जाँच चौकीभित्र वेयरहाउस, प्रशासनिक भवन, ब्यारेक भवन, पोर्टर, रेस्ट हाउस, प्रवेशद्वारलगायत विभिन्न संरचना निर्माण भइरहेको भारतीय पक्षले जनाएको छ।

जमुनाह नाकाभन्दा पश्चिमतर्फ नेपालगंज उपमहानगरपालिका-१६, जयसपुरस्थित दशगजाको (भारत र नेपाल) दुवैतर्फ एकीकृत जाँच चौकी निर्माण काम तीव्ररूपमा भइरहेको छ। सन् २००५ मा एकीकृत भन्सार जाँच चौकी (आइपिसी) निर्माण काम अघि बढे पनि २०७७ फागुनदेखि मात्रै निर्माण कार्य अघि बढेको हो। सो परियोजनाको निर्माण सम्पन्न भएमा भन्सार प्रणालीमैं आमूल परिवर्तन आउने अपेक्षा गरिएको छ।

# नेपाल वायुसेवा निगमले दुईवटा विमान खरीद गर्ने

काठमाडौं, २८ वैशाख/रासस




नेपाल वायुसेवा निगमले दुईवटा विमान खरीद गर्नका लागि योजना अघि बढाउन उपसमिति गठन गरेको छ।

प्रादेशिकरूपमा हवाई 'कनेक्टिभिटी' बढाउने उद्देश्यले शहरी क्षेत्रका विमानस्थलमा उडान भर्न सक्ने दुईवटा जहाज खरीद गर्ने कार्ययोजना अघि बढाएको हो।

यसका लागि वैशाख २६ मा बसेको निगमको सञ्चालक समितिको बैठकले समिति सदस्य वरिष्ठ क्याप्टेन सुधीर शमशेर राईको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरेको छ। उक्त उपसमितिले २१ कार्य दिनभित्र प्रतिवेदन

(बाँकी पाँचौं पातामा)


# नेप्सेमा झिनो अङ्कको गिरावट

काठमाडौं, २८ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार झिनो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ३४ अङ्कले ओरालो लागेर एक हजार ८३८ दशमलव ५९ मा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७१ अङ्कले ओरालो लागेर ३५३ दशमलव शून्य नौमा सीमित भएको छ। कारोबार भएका कुल १३ कम्पनीमध्ये तीन कम्पनीको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर भने ओरालो लागेको छ। कुल २१ लाख पाँच हजार ६५७ कित्ता शेयर रु ५७ करोड ८८ लाख ४१ हजार ५९३ मूल्यमा खरीद-बिक्री भएको छ। कुल ६४ कम्पनीका शेयर मूल्य उकालो लाग्दा १३४ कम्पनीका शेयर मूल्यमा भने गिरावट आएको छ।

कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु तीन करोड १५ लाख छ हजार ३६३ बराबरको शेयर कारोबार भएको छ।



ग्लोबल आइएमई बैंकको संस्थापक शेयर रु दुई करोड ७० लाख ८४ हजार ८०४, शिवम् सिमेन्ट रु एक करोड ८० लाख ३७ हजार ७५२, हिमाल दोलखा हाइड्रोपावर रु एक करोड ७७ लाख ६३ हजार ४१० र हिमालयन डिस्टिलरीको रु एक करोड ६८ लाख ७८ हजार ७०५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्त छ दशमलव १०, सिटिजन म्युचुअल फन्ड पहिलो पाँच दशमलव ८९, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलव ७१, इस्टर्न हाइड्रोपावर पाँच दशमलव ६६ र कुमारी इक्विटी फन्डको शेयर मूल्य पाँच प्रतिशतले बढेका छन्।

त्यस्तै, फरवार्ड माइक्रोफाइनान्स पाँच दशमलव ९९, बाराही हाइड्रोपावर पाँच दशमलव ५२, एशियन हाइड्रोपावर पाँच दशमलव ५२, बलेफी हाइड्रोपावर चार दशमलव ३५ र पञ्चकन्या माई हाइड्रोपावरको शेयर मूल्य चार दशमलव ३४ प्रतिशतले घटेका छन्।



बढ्यो खरबुजाको व्यापार: गर्मी बढेसँगै महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा रहेको बजारमा खरबुजाको व्यापार भइरहेको अवस्था। तस्वीर: रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## इमरान खान पक्राउः हिंसात्मक प्रदर्शनमा आठजनाको मृत्यु



पाकिस्तानी पूर्वप्रम खानविरुद्ध भ्रष्टाचार आरोप लगाइ गिरफ्तार गरिएपछि पाकिस्तानमा विरोध चर्कंदै गएको छ। फोटोः एजेन्सी

इस्लामाबाद, २८ वैशाख/एएनआई/सिन्हवा

पूर्वप्रधानमन्त्री इमरान खानलाई गिरफ्तार गरेपछि पाकिस्तानभर भएका विभिन्न झडपमा कम्तीमा आठजनाको मृत्यु भएको छ। ती झडपमा २९० भन्दा बढी घाइते भएको पनि डनले बिहीवार उल्लेख गरेको छ।

झन्डै एक हजार ९०० प्रदर्शनकारीलाई गिरफ्तार गरिएको छ। प्रहरी चौकीसहित विभिन्न सरकारी भवनहरू ध्वस्त भएका छन्। इस्लामाबादको एक उत्तरदायित्व अदालतले बुधवार अल कादिर ट्रस्ट मुद्दामा पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई आठ दिनको लागि हिरासतमा लिएपछि देशभर तनावको स्थिति सिर्जना भएको छ।

केन्द्रीय महासचिव असद उमरलाई हिरासतमा लिएको केही घण्टापछि पिटिआईका वरिष्ठ उपाध्यक्ष फवाद चौधरीलाई पनि पक्राउ गरिएको थियो।

पञ्जाब, खैबर पख्तुनख्वा र इस्लामाबादमा प्रशासनले बिग्रँदै गएको अवस्थालाई व्यवस्थापन गर्ने प्रयासमा सेना परिचालन गरेको थियो। प्रदर्शनकारीहरूले कोर कमान्डरको लाहोरस्थित घरमा प्रवेश गरी रावलपिन्डीको जिएचक्यूको एउटा गेटसमेत भत्काएका छन्।

यसअघि आज पाकिस्तानका पूर्वविदेशमन्त्री एवं पाकिस्तान तहरीक–ए–इन्साफ (पिटिआई)का उपाध्यक्ष मखदुम शाह महमूद कुरैशीलाई इस्लामाबाद प्रहरीले पक्राउ गरी अज्ञात स्थानमा लगेको छ।

पाकिस्तानको एक्सप्रेस ट्रिब्यूनका अनुसार बुधवार दिउँसो पिटिआई नेतालाई इस्लामाबादको गिलगिट–बाल्टिस्तान हाउसबाट हिरासतमा लिइएको थियो।

मङ्गलवार पिटिआई अध्यक्ष खानलाई भ्रष्टाचार मुद्दामा पक्राउ गरिएको थियो। जवाफदेहिता ब्युरोले पूर्वप्रधानमन्त्रीविरुद्ध अनुसन्धान गर्दैछ।

कुरैशीलाई पञ्जाब र खैबर पीमा दङ्गा र आगजनीका घटनामा प्रहरीले पक्राउ गरेको हो।

### राजनीतिक अस्थिरताका कारण पाकिस्तानी रुपियाँको अवमूल्यन

पाकिस्तानी रुपियाँको मूल्य अमेरिकी डलरको तुलनामा उल्लेखनीयरूपमा घटेको छ। बुधवार अन्तरबैंक बजारमा ग्रीनब्याक २९०.२२ रुपियाँको अत्यन्त न्यून मूल्यमा कारोबार भएको स्टेट बैंक अफ पाकिस्तानले जनाएको छ।

मङ्गलवार कारोबार अमेरिकी डलर २८४.८४ रुपियाँमा बन्द भएको थियो। बुधवार स्थानीय मुद्रा अमेरिकी डलरको तुलनामा ५.३८ रुपियाँ (करीब १.८५ प्रतिशत)ले घटेर न्यून रेकर्ड भएको आधिकारिक तथ्याङ्कले देखाएको छ।

बजार विश्लेषकहरूका अनुसार पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको आरोपमा राष्ट्रिय जवाफदेहिता ब्युरोले मङ्गलवार पक्राउ गरेपछि देशभर व्यापक विरोध भएको र त्यसकै प्रभावले पैसाको अवमूल्यन भएको हो। दक्षिण एशियाली मुलुक पाकिस्तानमा चलिरहेको राजनीतिक अस्थिरतापछि अन्तर्राष्ट्रिय मुद्राकोषको बेलआउट कार्यक्रमको पुनः सुरुआतमा आएको अनिश्चितता र विदेशी विनिमय सञ्चितिमा आएको कमीका कारण यहाँको रुपियाँ दबाबमा रहेको छ। रासस

## जर्जियामा भिसा र उडान प्रतिबन्ध हटाउने

मस्को, २८ वैशाख/सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधवार भिसा प्रतिबन्ध र जर्जियामा उडान प्रतिबन्ध हटाउन दुईवटा आदेशमा हस्ताक्षर गरेका छन्।

सो आदेश अनुसार जर्जियाली नागरिकहरूलाई सन् २०२३ मे १५ देखि ९० दिनको अवधिका लागि भिसाविना नै रूसमा प्रवेश गर्न अनुमति दिइनेछ। यो रोजगारका लागि रूस जान चाहने जर्जियाली नागरिकहरूमा भने लागू हुनेछैन।

त्यसैगरी, अर्को आदेशमा राष्ट्रपतिले रूसबाट जर्जियाको सीधा उडानहरूमा पूर्वप्रतिबन्ध हटाउने विषय संलग्न छ, जुन सन् २०१९ जुलाई ८ मा लागू भएको थियो।

राष्ट्रपति पुटिनले दुई देशबीच बढेको तनावका कारण रूसबाट जर्जियाका यात्री उडानहरू अनिश्चितकालका लागि निलम्बन गर्ने आदेश दिइएको थियो। रासस

## अमृतसर विस्फोटः पाँचजना पक्राउ

पञ्जाब, २८ वैशाख/एएनआई

बिहीवार बिहान अमृतसरको स्वर्णमन्दिरनजीकै रहेको श्री गुरुराम दास निवासनजीकै भएको विस्फोटमा पाँचजना षडयन्त्रकारीलाई पक्राउ गरिएको छ।

ट्विटरमा पञ्जाबका प्रहरी महानिर्देशक (डिजिपी) गौरव यादवले घटनामा संलग्न पाँचजनालाई गिरफ्तार गरेर मुद्दा चलाएको बताएका छन्। उनले विस्फोटका बारेमा पत्रकार सम्मेलन आयोजना गरेर विस्तृत जानकारी सार्वजनिक गरिने बताएका छन्। बिहीवार बिहान अमृतसरको स्वर्णमन्दिरनजीकै रहेको श्री गुरुराम दास निवासनजीकै विस्फोट भएको आवाज सुनिएको थियो। यो एक हप्तामा वरपर चकित पार्ने तेस्रो विस्फोट थियो।

बिहीवार बिहान करीब १२:३० बजे विस्फोट भएको थियो।

पञ्जाब प्रहरी स्रोतका अनुसार विष्फोटको उद्देश्य शान्ति खलल पार्ने थियो।

“पटाखामा प्रयोग हुने विस्फोटक पदार्थ विस्फोटमा प्रयोग गरिएको थियो,” स्रोतले एएनआईलाई बताएको छ। यद्यपि घटनामा कुनै मानवीय क्षति भने भएको छैन।

पत्रकारहरूसँग कुरा गर्दै प्रहरी आयुक्त नौनिहाल सिंहले यसअघि भने, “बिहान १२:१५–१२:३० बजे ठूलो आवाज सुनिएको थियो।” अर्को विस्फोट हुन सक्ने आशङ्का छ। यसको पुष्टि हुन बाँकी छ। “शङ्कास्पद व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ,” उनले भने। श्री गुरुराम दास निवास सबैभन्दा पुरानो सराई (लज) हो।

प्रहरी र फरेन्सिक टोली घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेका छन्। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## स्थानीयले तहले सीप र बजार प्रवर्द्धनमा जोड दिनुपर्छ -मन्त्री रिजाल


महोत्तरी, २८ वैशाख/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले स्थानीय तहले सीप विकास र बजार प्रवर्द्धनलाई कामको प्राथमिकतामा राख्न आग्रह गरेका छन्।

आज महोत्तरीको बर्दिवास नगर कार्यपालिकाका जनप्रतिनिधि र अगुवा राजनीतिक कार्यकर्तासँग भएको भेटमा मन्त्री रिजालले नगरका प्रत्येक बस्तीमा बजार बढाउन आग्रह गरे।

बर्दिवास नगर कार्यपालिकाको कार्यालयकै सभाहलमा आयोजित भेटघाटमा उनले सीप बढाउन, स्थानीय सीप अनुसारको उत्पादन बढाउन र उत्पादित सामग्रीको बजार बढाउन सके समृद्धिको यात्राले गति लिने बताए।

“जनतालाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादित सामग्रीलाई बजारसँग जोडौं”–रिजालले भने–“स्थानीय तहले यसको नेतृत्व लेओस्, सरकार सहयोग गर्न तत्पर छ।” प्रत्येक स्थानीय तहमा अब औद्योगिक ग्रामको



अवधारणा अनुसार काम अघि बढाउन सम्बद्ध जनप्रतिनिधिले योजना बनाउन आवश्यक रहेको रिजालको भनाइ छ।

मन्त्री रिजालले अब दलहरूका नियमित साङ्गठनिक कामका योजनामा पनि जनताको जीवनस्तर उकास्ने स्पष्ट मार्गचित्र र तदनुरूप काम देखिनुपर्ने बताए।

“अब जनतालाई आर्जनको पाटोमा उत्प्रेरित गर्न दलहरूको प्रयत्न देखिनुपर्छ”– रिजालले भने– “अहिलेसम्मका आन्दोलनका कारण जनताले राजनीतिक अधिकार पाएको छ, अब समृद्धिका लागि उत्पादन र बजार बढाउन जरूरी छ।”

एक फरक प्रसङ्गमा मन्त्री रिजालले अहिले प्रहरीले अघि बढाएको नक्कली भूटानी शरणार्थी प्रकरणमा सरकारी हस्तक्षेप नहुने स्पष्ट पारे। “जतिसुकै उच्च ओहदाका भए पनि दोषीलाई कारबाई हुनुपर्छ”– मन्त्री रिजालले भने– “सरकारबाट यो अनुसन्धान कारबाईमा हस्तक्षेप हुँदैन।” भ्रष्टाचार मुलुकको समृद्धिको मुख्य बाधक भएको हुँदा यसको नियन्त्रणमा मुलुकका सबै दल सहयोगी बन्नुपर्ने उनको भनाइ छ।

## आदर्शनगर क्षेत्रमा निश्शुल्क वाइफाई





प्रस, वीरगंज, २८ वैशाख/

वर्ल्ड लिङ्कको सहयोगमा ग्रीन सिटी सामुदायिक सेवा केन्द्र अन्तर्गतको आदर्शनगर क्षेत्रका तीन स्थानमा निश्शुल्क वाइफाई जडान गरिएको छ। ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले वडा नं १० आदर्शनगर क्षेत्रको हजारीमल सेवा ट्रस्ट, पुरानो बसपार्क र आदर्शनगर रङ्गशालामा निश्शुल्क वाइफाई सेवा जडान गरिएको बताए।

उनले यसअघि लोहारपट्टिदेखि भाजुरत्नचोकसम्म निश्शुल्क वाइफाई जडान भइसकेको र सेवा सुचारु रहेको बताए।

अब सेवा विस्तारसँगै पुरानो बसपार्क, आदर्शनगर रङ्गशालासम्म निश्शुल्क इन्टरनेट सेवा सञ्चालनमा आएको उनले बताए। आगामी दिनमा कैलाशचोकदेखि गीतामन्दिर क्षेत्रमा पनि निश्शुल्क इन्टरनेट सेवा जडानको तयारी भइरहेको अध्यक्ष खेतानले जानकारी गराए।

## संस्थानमा लगाइएको ताला खोलियो

प्रस, वीरगंज, २८ वैशाख/

चिकित्साशास्त्र अध्ययन संस्थान, वीरगंजमा लगाइएको तालाबन्दी बिहीवार खोलिएको छ।

पिसिएल तेस्रो वर्षका विद्यार्थीहरूले यही वैशाख ८ गते पाठ्यपुस्तक अनुसारको प्रश्नपत्र नआएको भनेर परीक्षा शाखा र रिसेप्सनमा तालाबन्दी गरेका थिए। उनीहरूले पाठ्यपुस्तक अनुसारको अभ्यास परीक्षामा सोधनी हुनुपर्ने माग गर्दै तालाबन्दी गरेका थिए।

अहिले पनि डीनको कार्यालय, स्ववियु र क्याम्पस प्रशासनको सहकार्यमा सो कार्य हुनुपर्ने उनीहरूले माग राखेका छन्।

### नेपाल वायुसेवा निगम ...

बुझाउने गरी काम शुरू गरिसकेको छ।

“शहरी क्षेत्रका विमानस्थलमा चल्ने जहाज नभएकाले निगमले हाल शहरी एवं व्यापारिक हिसाबले फाइदाजनक क्षेत्रमा उडान भर्न सकेको छैन,” निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “निगमले दुईवटा जहाज खरीद गरेपश्चात् काठमाडौं, विराटनगर, भैरहवा, पोखरा, नेपालगंज, धनगढीलगायतका क्षेत्रबाट प्रादेशिक उडान भर्न सक्नेछ।”

### अन्तर्राष्ट्रिय ...

खरीद क्षमतामा सुधार गर्नुपर्ने, अनौपचारिक क्षेत्रलाई क्रमशः औपचारिक क्षेत्रमा परिवर्तन गर्दै करको दायरा विस्तार गर्नुपर्ने सुझाव दिएका छन्।

त्यसैगरी, उनीहरूले साना तथा मझौला उद्यम र आन्तरिक उद्यमशीलतालाई प्रवर्द्धन गर्नुपर्ने, मानव पूँजीमा लगानी विस्तार गर्नुपर्ने, आर्थिक लक्ष्यका साथसाथै पर्यावरणीय र सामाजिक लक्ष्यलाई पनि प्राथमिकतामा राख्नुपर्ने, आयोजना पूर्वतयारीमा प्राथमिकता दिनुपर्ने, ठूला सुधार एजेन्डालाई प्राथमिकीकरण गर्नुपर्ने, आयोजनाका कर्मचारीलाई निश्चित समयसम्म सोही स्थानमा जिम्मेवारी दिनुपर्ने, अन्तरनिकाय समन्वय बढाउनुपर्ने र सहुलियतपूर्ण ऋणको पूर्ण उपयोग गर्नुपर्नेजस्ता सुझाव दिएका छन्।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## तस्करीको सामान भन्सार चलान

प्रस, पोखरिया, २८ वैशाख/

सशस्त्र प्रहरी बेस क्याम्प, पोखरियाको टोलीले बुधवार भन्सार छलीका ५० हजार मूल्य बराबरका कपडा र कस्मेटिक सामान बरामद गरी वीरगंज भन्सार बुझाएको छ।



सशस्त्र प्रहरी नायब उपरीक्षक किरण खत्री नेतृत्वको टोलीले कालिकामाई गाउँपालिका–२ मा भारत, सिकटाबाट तस्करी गरी ल्याइएको साडी, बच्चाको सुट, कस्मेटिक समान बरामद गरेको हो। तस्करीका सामान कालिकामाई गापा–२ भेडिहारी निवासी शत्रुघ्न साहको रहेको बताइएको छ। सबैठवा, प्रसौनीको नाकाबाट दैनिक लाखौं मूल्य बराबरका कपडा, खाद्यान्न, कस्मेटिक सामान तस्करी हुने गरेको छ।

## मधेस सरकार पुनर्गठन हुनुपर्छ –अध्यक्ष ठाकुर

महेन्द्रनगर, धनुषा, २८ वैशाख/रासस

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले मधेस प्रदेश सरकारको नेतृत्व पुनर्गठन हुनुपर्ने माग गरेका छन्।



बिहीवार जनकपुरधाम विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष ठाकुरले गठबन्धनको मर्म अनुसार अन्य प्रदेशमा सरकारको नेतृत्व परिवर्तन भए सरह नै मधेस प्रदेशमा पनि सरकारको नेतृत्व र स्वरूप परिमार्जन हुनुपर्ने बताए।

अध्यक्ष ठाकुरले मधेस प्रदेश सरकारको नेतृत्वमा लोसपाको समेत दाबी रहने बताए। गठन्धनको मर्म अनुसार मधेस सरकारको नेतृत्वमा अब लोसपाकै पालो हुनुपर्ने अध्यक्ष ठाकुरको भनाइ छ।

उपनिर्वाचन अगाडि नै मधेस प्रदेशको सरकारका विषयमा दलबीच सहमति भइसकेको भन्दै अध्यक्ष ठाकुरले त्यसै अनुसार मधेस सरकार परिवर्तन हुने दाबी गरे।

अध्यक्ष ठाकुरले नक्कली भुटानी शरणार्थी प्रकरणमा छानबीन भइरहेकाले सबैले सहयोग गर्नुपर्नेसमेत बताएका छन्।

# पटेर्वासुगौली पूर्ण खोपयुक्त गाउँपालिका घोषणा

प्रमोद यादव, पंचगावाँ, २८ वैशाख/ पटेर्वासुगौली गाउँपालिकालाई

तस्वीर: प्रतीक



बिहीवार पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको छ।

'स्थानीय स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता- हाम्रो प्रतिबद्धता' नाराका साथ नेपाल राष्ट्रिय आधारभूत विद्यालय, रामपुरको प्राङ्गणमा वडा नं १ र ३ का साथै गापालाई पूर्ण खोपयुक्त घोषणा गरिएको हो।

पटेर्वासुगौली गापाका वडा नं २, ४, ५ गत आवमा पूर्ण खोपयुक्त वडा घोषणा गरिएको थियो । आज दुईवटा वडालाई पूर्ण खोपयुक्त वडा घोषणा गरिएपछि गाउँपालिकालाई पनि पूर्ण खोपयुक्त गापा घोषणा गरिएको हो।

कार्यक्रममा गापा अध्यक्ष दिनेश चौधरीले पालिकाका सम्पूर्ण बालबालिकालाई नेपाल सरकारले सूचीकृत गरेको र उनीहरूले सबै किसिमका खोप लगाएपछि गापालाई पूर्ण खोपयुक्त घोषणा गरिएको बताए। उनले गापामा स्वास्थ्य क्षेत्र प्रभावकारी बनाउन सबैको सहयोग हुनुपर्ने बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव, स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादव, सहसंयोजक जगन्नाथ साह, जिल्ला स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साह, स्वास्थ्य निरीक्षक जयमोद ठाकुर, उपाध्यक्ष ममता महतो, वडाध्यक्षहरू फरमान मियाँ अन्सारी, माधवराउत थारू, वासु पञ्जियार, विपिन मुखियालगायतको सहभागिता थियो।

कार्यक्रममा स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत यादवले व्यक्त दिएका थिए।

# वीरगंजका उद्योगमा युवाले रोजगार नपाउनु दुःखद -नगरप्रमुख

प्रस, परवानीपुर, २८ वैशाख/

वीरगंजमा रोजगार मेला शुरू भएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ र




तस्वीर: प्रतीक

इन्टरनेशनल लेबर अर्गनाइजेशन (आइएलओ)को सहयोगमा वीरगंज उद्योग वाणिज्य सङ्घ तथा वीरगंज महानगरपालिकाको संयुक्त आयोजनामा दुई दिने रोजगार मेला वीरगंजमा शुरू भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख राजेशमान सिंहले वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा सयौं उद्योग भए तापनि नेपालीको सट्टा भारतीय कामदारले रोजगार पाउनु दुःखद भएको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराएका थिए। उनले श्रम कार्यालय, वीरगंजका प्रमुख प्रशान्त साहको ध्यानाकर्षण गराउँदै भने, "श्रमका हाकिमहरू के गरेर बस्नुभएको छ ? वीरगंजमै वीरगंजका युवाहरूले रोजगार पाउँदैनन्। कामदार भारतबाट ल्याइन्छ। यो सिलसिला रोक्नुपर्छ।" उनले वीरगंज महानगरपालिकामा सञ्चालनमा रहेका उद्योगहरूमा वीरगंजका युवाहरूको लागि रोजगारको प्रत्याभूति गर्न उद्योगी-व्यवसायीहरूसँग माग गरे।

महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले रोजगार मेलाले रोजगार खोज्ने र रोजगारदाताले पुलको काम गर्न खोजेकोमा धन्यवाद दिए।

उनले वीरगंजमा कस्तो किसिमको दक्ष जनशक्ति चाहिएको छ, त्यस बारेमा यहाँको आवश्यकतालाई पहिचान गर्न र सोही अनुसार युवालाई शिक्षित बनाइ दक्ष जनशक्ति उपलब्ध गराउन सरोकारवालालाई परामर्श दिनुपर्ने आवश्यकता रहेको बताए।

वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल (पटवारी)को अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासङ्घका उपाध्यक्षद्वय हेमराज ढकाल तथा ज्योत्सना श्रेष्ठ, वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल, घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजका प्रमुख धनञ्जय सिंहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण वीउवासङ्घका अधिकृत मनोज उपाध्यायले गरेका थिए।






# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय खुला फ्रेन्डशिप तेक्वान्दो च्याम्पियनशिप सोलमा हुने

काठमाडौं, २८ वैशाख/रासस

अन्तर्राष्ट्रिय खुला फ्रेन्डशिप तेक्वान्दो च्याम्पियनशिप (आइओएफटिसी)को १४औं संस्करण दक्षिण कोरियाको सोलमा हुने भएको छ।

कोरियन मार्शल आर्ट्स तेक्वान्दोको आयोजनामा दक्षिण कोरियाको राजधानी सोलमा आगामी वर्ष आयोजना हुने प्रतियोगिताका संयोजक राजु क्षेत्रीले पत्रकार सम्मेलनमार्फत जानकारी दिए।

प्रतियोगिताको मिति भने तोकिएको छैन। अमेरिकाको पोर्टल्यान्डस्थित आइओएफटिसीले प्रत्येक दुई वर्षमा आयोजना गर्ने उक्त प्रतियोगिताको एक संस्करण अमेरिका र अर्को संस्करण अमेरिकाबाहिर गर्दै आइरहेको प्रतियोगिताका संयोजक क्षेत्रीले बताए।

उनका अनुसार पोर्टल्यान्डमा पाँच, नेपालमा चार तथा भारत, बेलायत, हङकङ र अमेरिकाकै मिचिगनमा समान एक संस्करणको आयोजना भइसकेको छ।

गत मार्चमा आइओएफटिसीका संस्थापक तथा निर्देशक ग्रान्डमास्टर दिवाकर महर्जन तथा महासचिव करेन ब्लाकलेजले सोललाई आयोजनाको जिम्मेवारीस्वरूप आइओएफटिसी झन्डा हस्तान्तरण गरेका थिए।

प्रतियोगितामा नेपाल, दक्षिण कोरिया, अमेरिका, फिलिपिन्स, अस्ट्रेलिया, क्यानडा, पाकिस्तान, अस्ट्रिया, भारत, हङकङ, चीन, मेक्सिकोलगायतका देशको सहभागिता रहनेछ। प्रतियोगितामा कुल ६५ स्वर्ण, ६५ रजत र १३० कांश्य पदकका लागि प्रतिस्पर्धा हुनेछ।

## प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिता शुरू

काठमाडौं, २८ वैशाख/रासस



प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिताको दोस्रो संस्करण बिहीवारदेखि शुरू भएको छ। त्रिभुवन आर्मी अफिसर्स क्लब र दशरथ रङ्गशालाको टेनिस कोर्टमा शुरू भएको उक्त प्रतियोगिताको बलाधिकृतरथी सरोजप्रताप राणाले निर्णायकलाई बल हस्तान्तरण गर्दै शुभारम्भ गरे।

उद्घाटन खेल काठमाडौं जिल्ला टेनिस एशोसिएशनका मनोज श्रेष्ठ र याक एन्ड यति क्लबका आशिष सिग्देलबीच भएको थियो। आगामी जेठ ५ गतेसम्म सञ्चालन हुने प्रतियोगिता खुलातर्फ पुरुष र महिला एकल तथा मिक्स युगल विधामा हुनेछ।

भेट्रानतर्फ ३५, ४५ र ५५ वर्षमाथि एकल र युगल तथा ६५ र ७० वर्षमाथि एक विधामा खेल सञ्चालन भइरहेको छ। विभिन्न १३ खेल विधामा २५५ प्रतिस्पर्धा हुने प्रतियोगितामा १४ टेनिस क्लब र विभागीयसहित १७७ खेलाडीको सहभागिता छ।

मुलुकको टेनिस खेलको विकासमा सहयोग पुऱ्याउने हेतुले सेनाले विसं २०७८ देखि यस प्रतियोगिता सञ्चालनमा ल्याएको हो। सो अवसरमा सैन्यकार्य महानिर्देशक उपरथी बाबुराम श्रेष्ठले सैनिक नागरिक सम्बन्ध विस्तारको कडीका रूपमा रहेको प्रतियोगिता मुलुकको खेलकूदको विकासमा योगदान पुऱ्याउन सकियोस् भन्नका खातिर आयोजना गरिएको बताए।

सेनाले प्रतियोगितामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी पहिचान र उत्कृष्ट खेलाडी उत्पादन गर्न सकियोस् भन्ने लक्ष्य राखेको छ। प्रतियोगितामा विजयी हुने क्लबले रनिङ ट्रफी प्राप्त गर्नेछ। प्रतियोगितामा पुरुष र महिला सिङ्गल र समूहगत खुला विधातर्फ प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः रु ५० हजार, रु २५ हजार र रु १५ हजार प्रदान गरिनेछ।

# ११ जोडीको निश्शुल्क विवाह

प्रस, परवानीपुर, २८ वैशाख/

रघुवीर राम मेमोरियल ट्रस्टले सामूहिक विवाह महोत्सव सम्पन्न गरेको छ।

बारा, परवानीपुर गाउँपालिका-५ बहुअरीमा आयोजित सामूहिक विवाह महोत्सवमा पर्सा, बारा, रौतहट र बिहारका गरी ११ वटा जोडीको विवाह गराइएको हो।

ट्रस्टका अध्यक्ष शशिरञ्जन कलवारका अनुसार उनको परिवार ठाकुर राम बहुमुखी क्याम्पसको जगदाता तथा त्रिजुद्ध, त्रिभुवन, माईस्थानलगायतका विद्यालयका पनि दाता रहेको तर आफूहरू सामाजिक सेवा अन्तर्गत रीतपूर्वक सामूहिक विवाह

तस्वीर: प्रतीक



गराएर सामाजिक सेवा गर्न खोजेका हौं।

सामूहिक विवाहमा केटाकेटी पक्षले बिहेमा चाहिने गहना, कपडा र जन्ती जानको लागि सवारीसाधनको जोहो गर्नुपर्छ भने विवाहमा लाग्ने पूजा सामग्री, पण्डितको दक्षिणा, भोज तथा बिदाइ गर्दा बेहुलीलाई दिइने कपडा सबै खर्च ट्रस्टले नै बेहोरेको छ। सामूहिक विवाह महोत्सवमा करीब १५ लाख खर्च भएको ट्रस्टका अध्यक्ष कलवारले बताए।

समाजमा विद्यमान दाइजोप्रथा र बालविवाह अन्त्य गर्नका लागि कानूनी मापदण्ड पूरा गर्दै युवायुवतीहरूको सामूहिक विवाह सम्पन्न गरेको र यो सिलसिला आगामी दिनमा पनि मध्यतराईका जिल्लामा चलिरहने उनले बताए।


## आगलागी हुन नदिन चनाखो बनौं।

**आगलागीबाट बच्न,**

- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भए नभएको यकीन गरौं।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरबस्तीनजीकै पोखरी, टङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

**आगलागीजन्य विपतहरूबाट बच्न चनाखो बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## भोजपुरी भाषासम्बन्धी ...

र भोजपुरी भाषाको इतिहासको बारेमा प्रकाश पारेका थिए।

भाषा आयोगका सदस्य गोपाल अश्कले मातृभाषामा रोजगार सिर्जना गर्न सके मातृभाषाको विकास हुने बताए। उनले काठमाडौं महानगरपालिकाले मातृभाषाका ११५ जना शिक्षक दरबन्दी कायम गरेको उदाहरण दिंदै पर्सा जिल्लाका पालिकाहरूले पनि सो कुराको सिको गरेमा मातृभाषाप्रति लगाव बढ्ने बताए।

महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले कुनै पनि समुदाय मातृभाषा रहुन्जेल जीवित रहने हुँदा मातृभाषाको संरक्षणमा गम्भीरताका साथ लाग्नुपर्ने बताए। कार्यक्रममा केही सहभागीहरूले यहाँ मातृभाषाको उत्थानको कुरा भइरहँदा वीरगंज महानगरपालिकाले अङ्ग्रेजी भाषालाई मातृभाषा बनाउन खोजेको भनी आलोचना गरे।

नगरप्रमुख राजेशमान सिंहको अध्यक्षतामा भएको कार्यक्रममा भाषाविद्डा विश्वम्भर शर्मा, पत्रकार चन्द्रकिशोर झा, विनोद मेहता, ध्रुवसिंह ठकुरी, पत्रकार साहित्यकार रामप्रसाद साह, पत्रकार प्रियङ्का पाण्डे, ललित कला केन्द्रका सदस्य अजमत अली, सलमा खातुन, ओमप्रकाश सर्राफ, तबरेज अहमदलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण प्रतिष्ठानका सदस्य रितेश त्रिपाठीले गरेका थिए।